मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति'को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक १० ● २०८० साल मंसिर १२ गते मंगलबार ● Tuesday 28, November 2023 ● सूर्योदय: बिहान ६:३३ बजे ● सूर्यास्त: साँझ ५:११ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

समाचार टिप्पणी

## कमल थापाको नयाँ दाउपेचः 'राजावादी मोर्चा'



**मधेशदृष्टि**
**वीरगंज ।**
जतिखेर मुलुकमा गणतन्त्रको राँको बालिँदै थियो । त्यतिखेर कमल थापा मात्र थिए हिन्दुराष्ट्र र राजासहितको प्रजातन्त्रका पक्षमा । उनको यो राजनीतिले यस्तो काम गऱ्यो कि गणतन्त्र पक्षधरको जगजगीमा भएको निर्वाचनमा पनि समानुपातिक निर्वाचनमा हिन्दुको मुद्दाले २५ भन्दा बढी सांसद भएको पार्टी बन्यो कमल थापाको । व्यवस्था अर्के माग्रे तर यही व्यवस्थाका थरिथरिका सरकारमा उपप्रधानमन्त्रीसम्मको यात्रामा थापा कायम रहे ।
राजावादी शक्ति मिलाउन नसकेका कमल थापाको पशुपति शमशेर राणा र डा. प्रकाशचन्द्र लोहनीसँग पटकपटक मतभेद भइरह्यो ।
पटकपटक राष्ट्रवादी शक्तिहरु फुटिरहे, एकताको महाधिवेशनमा जुटिरहे । जब राप्रपा र राप्रपा नेपाल एक भएर शक्तिमा राजेन्द्र लिङ्देन उदाए । त्यसपछि कमल थापासँग न राष्ट्रवादी शक्तिको पार्टी रह्यो, न उनलाई २५ सिट भन्दा बढी समानुपातिक भोट दिलाउने चुनावचिन्ह 'गाई' नै रह्यो । त्यति मात्र होइन, राप्रपाको चुनावमा अध्यक्षमा हारेपछि उनले पूर्वराजा ज्ञानेन्द्र र राजपरिवारलाई लिङदेन जिताउन लागेको भन्दै सामाजिक सञ्जाल 'एक्स'मा यति तुच्छ गाली गरे । यसले यसपछि हेटौँडामा पत्रकार सम्मेलन गरेर राप्रपा परित्याग गर्दै राप्रपा नेपाल ब्यूँताएको घोषणा गरेका थापाले एक वर्षअघि मात्रै अरु सबैलाई चकित पार्दै नेकपा एमाले दोस्तीमा 'सूर्य' चिन्हमा मकवानपुर–१ मा चुनाव उठे ।
तर थापाकै राजनीतिमा जीवनभर साथ दिएका राप्रपाकै दीपक सिंह निर्वाचनमा विजित भए, गठबन्धनका उम्मेदवार दोस्रो भए, मकवानपुरको बलियो एमाले कमल थापा बोक्दा तेस्रो भयो ।
यिनै थापा यो एक वर्षमा फेरि राजावादी शक्ति, राजा, हिन्दुराष्ट्रको मुद्दामा रत्तिएका छन् । मुलुकमा हिन्दुको मुद्दा चर्कँदा र दुर्गा प्रसाईंले समेत राजपरिवारका सदस्यलाई कार्यक्रममा उतार्दा थापा कहिले राप्रपा नेपालसँग एकता गर्न तयार रहेको सुनाउँछन् त कहिले सबै राष्ट्रवादी शक्ति एक हुन पर्ने धारणा राख्छन् । यिनै थापाले सोमबार पार्टीको काठमाडौँमा बसेको केन्द्रीय कार्यसम्पादन समितिको बैठकबाट धारणा बनाएका छन्, 'अब राष्ट्रवादी मोर्चा ।' हिन्दुराष्ट्र नेपालको संस्कृति, पहिचान र एकताको आधार भएकाले हिन्दु राष्ट्र,« सर्वधर्म, समभाव, पूर्ण धार्मिक स्वतन्त्रता र विभिन्न धर्मबीच सहकार्यको अवधारणासहित उनले निर्णय गरेका छन्, 'हिन्दुराष्ट्र कायम हुँदा सबै धर्मको अस्तित्व र सहकार्यको वातावरण सुनिश्चित हुन्छ ।' उनले केन्द्रमा बलियो सरकार र स्थानीयतहमा अहिलेको भन्दा पनि बढी अधिकार सम्पन्न दुई तहको सरकारको अवधारणा ल्याएका छन् । तर्क छ, 'देशको आर्थिक अवस्थाले धान्न नसक्ने तथा प्रयोजनविहीन प्रदेश तह आवश्यक छैन ।' उनले पार्टीको केन्द्रीय कार्य समितिको बैठक मंसिर २४ र २५ गते काठमाडौँमा बोलाउने निर्णयसहित बृहत राष्ट्रिय मोर्चा निर्माण र भावी आन्दोलनको कार्ययोजना बनाउने तयारी पनि गरेका छन् । राजनीतिमा यो कमल थापाले नयाँ 'दाउ' हो । पार्टीको बैठकले संघीय गणतन्त्रका नाममा कायम भ्रष्ट व्यवस्था अन्त्य चाहने संवैधानिक, राजसंस्था र हिन्दु राष्ट्र स्थापना गर्न चाहने, संघीयता खारेज गर्न चाहने, सुशासन र समृद्धि चाहने सबै एकताबद्ध हुनुपर्छ भन्ने मान्यतासहित जनताको चाहनालाई इङ्गित गर्दै बृहत राष्ट्रिय मोर्चा निर्माण गर्न सम्पूर्ण राष्ट्रवादी, देशभक्त र प्रजातन्त्रवादी दल र समूहलाई आह्वान गर्ने निर्णय गरेको छ । यसका लागि राप्रपा नेपालले समान विचारधारा भएकासँग जुटेर काम गर्न पर्ने बताउँदै सामुहिक नेतृत्व र सम्मान सहभागितासहितको मोर्चा बनाएर जनआन्दोलनको दबाबमा परिवर्तन सम्भव गराउन लाग्ने निर्णय गरेको छ । २०६३ को राजनीतिक परिवर्तनपछि नेपालका निम्ति संवैधानिक राजसंस्थासहितको प्रजातन्त्र तथा सर्वधर्म समभाव र पूर्ण धार्मिक स्वतन्त्रतासहितको सनातन हिन्दुराष्ट्र उपयुक्त भन्ने एकमात्र पार्टी राप्रपा नेपाल रहेको भन्दै बैठकले संवैधानिक राजसंस्थासहितको प्रजातन्त्र, सनातन हिन्दु राष्ट्र, सुदृढ स्थानीय स्वायत्त शासन तथा भ्रष्टाचारमुक्त सुशासन र समृद्धि जनताले खोजेको निष्कर्ष निकालेको छ । राप्रपा नेपालले संवैधानिक राजसंस्था र हिन्दु राष्ट्र स्थापनाबाट कुनै पनि राजनीतिक दल, समूह वा नेताहरु चिन्तित र विचलित हुनु नपर्ने बताउँदै राजसंस्थासहितको प्रजातन्त्रको अवधारणा निरंकुश शासन प्रणाली नहुने तर्क गरेको छ । बैठकले भनेको छ, 'राष्ट्र बचाउने र बनाउने राष्ट्रिय मेलमिलापको नीति हो ।' देशमा व्यवस्थाविरुद्ध प्रहार त सुरु भएको छ । अनेक दल, समूह सक्रिय छन् । राजतन्त्रका पक्षमा । यी सबैलाई थापाले मिलाउन सक्छन् या उनी फेरि एक्लै पर्छन, समयले बताउँदै जाने छ ।

## कमलामा कार्तिक स्नान मेला



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सिरहा र धनुषा जिल्लाको सिमानदी कमलामा सोमबार हजारौँ भक्तजनले स्नान गरेका छन् ।
कार्तिक शुक्ल पूर्णिमाका अवसरमा कमला नदीमा मधेश प्रदेश र भारत तथा कोशी प्रदेशका समेत भक्तजनले स्नान गरेका थिए ।
कमलाको उत्तरवाहिनी, कमला ब्यारेज, पुल, सिक्रौन, चतरी, बेलहा, बडेर्वा, बसबिट्टा र सीमावर्ती भारत जयनगरको कमला ब्यारेजमा स्नान गर्न गाउँबाट भक्तजनको घुइँचो थियो । परम्पराकालमा कमला नदीलाई साक्षी राखेर 'भूतप्रेत'बाट पिरोलिएकाले काम्दै स्नान गर्ने प्रचलन थियो । यसरी स्नान गर्दा शरीरबाट 'भूतप्रेत' उत्रिने र स्वस्थ्य हुने मान्यता थियो ।
स्नान गर्नेमा महिला अधिक थिए ।
पछिल्लो समय विज्ञान र प्रविधिको युग भएकाले मेलालाई धार्मिकरुपमा कार्तिक स्नानसँग जोड्ने र भूतप्रेतको विषय छाड्ने भनेर शिक्षित समुदायले अभियान पनि चलाएका छन् । त्यसैले पहिला 'भूतमेला' भनिने स्नान मेलालाई अचेल 'कमला कार्तिक स्नान मेला' भनिने गरिएको छ ।

## सरकार हत्यारा, लुटेरा, भ्रस्टाचारीको संरक्षणमाः साह

**सञ्जय मिश्रा**
**रौतहट ।**
पूर्वमन्त्री तथा आमजनता पार्टीका अध्यक्ष प्रभु साहले पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार हत्यारा, लुटेरा र भ्रष्टाचारीको संरक्षणमा लागेको टिप्पणी गरेका छन् । पार्टीको सोमबारदेखि सुरु भएको स्थायी कमिटी बैठकमा अध्यक्ष साहले भ्रष्टाचारी, हत्यारा र लुटेरालाई संरक्षण सरकारले नै गरेका कारण पीडितले न्याय पाउन नसक्ने अवस्था आएको दाबी गरे ।
साहले सरकारको यस्तै रवैयाका कारण आमजनता पार्टीका कार्यकर्ताले हत्यारा, लुटेरा र भ्रष्टाचारी पक्राउ गरी राज्यलाई बुझाउने काम गर्नु बताए । 'बहुचर्चित गौर हत्याकाण्डका दोषीलाई पक्राउ गरेर बुझाउने काम गर्नुपर्छ,' साहले कार्यकर्तालाई उत्साहित पार्दै भने, 'गाउँघरमा लुटपाट गर्ने डाँका र चोर जस्ता अपराधी हुन्, त्यस्ता अपराधीलाई जनताले कारबाही गर्नुपर्छ । त्यस्तै भ्रष्टाचारीलाई अब जनताले भौतिक कारबाही गर्नुपर्छ ।'
जनकपुरकी आरती साहका परिवारले न्यायका लागि काठमाडौँ माइतीघरमा चिसो सडकमा बसेर भिख माग्दा पनि राज्यले कुनै सुनुवाइ नगरेको भन्दै उनले आक्रोश व्यक्त गरे । साहले भने, 'के यो देशमा न्याय मरिसकेको छ ? महिनौँदेखि न्यायका लागि काठमाडौँमा आन्दोलनमा हुँदा पनि राज्यले कुनै सुनुवाइ गरेको देखिएन ।' उनले आरतीको हत्यारा पक्राउ गरेर सरकारलाई बुझाउनु पर्ने हो कि भनेर कार्यकर्तालाई उत्साहित पारे ।
अध्यक्ष साहले मुलुक आर्थिक, राजनीतिक र सामाजिक संकटबाट



गुज्रिरहेको टिप्पणी गरे । देशलाई संकटबाट निकास दिन सबै नेपाली एकभएर लाग्न आग्रह गरे । 'राजनीतिक अस्थिरता हाबी भएकाले नेतृत्वप्रति जनताको चरम अविश्वास छ,' उनले भने, '**आमजनता पार्टीले वर्तमान शासन व्यवस्था असफल भइसकेको निष्कर्ष निकालेको छ अब विकल्पमा तत्काल अन्तरिम सरकार गठन हाम्रो माग हो ।**'
गणतन्त्र र लोकतन्त्रको दुहाई दिए पनि देशमा असली रुपमा लोकतन्त्र वा गणतन्त्र केही पनि नभएको जिकिर गर्दै उनले अहिलेको दलतन्त्रमा पनि केही ठूला दलका शीर्ष नेताको सिण्डिकेट रहेको दोहोर्याए । 'अनैतिक राजनीतिमा चुनावमा एउटासँग गठबन्धन अनि सरकार बनाउँदा अर्केसँग हुने गर्छ,' पूर्वमन्त्री साहले भने, 'फोहोरी राजनीतिलाई शुद्ध बनाउन पार्टीले भोट फिर्ता अभियान चलाउनेछ ।'
उनले बैंकहरुको मनोमानी चलिरहेकाले लुटविरुद्ध पार्टी सडक संघर्षमा उत्रने चेतावनी दिए । बैंकको ऋण आमजनताको पहुँचमा हुनुपर्नेमा उनको जिकीर थियो । किसानलाई समयमा बिउ, मल र खाद्य उपलब्ध गराउन माग गरे । जाजरकोट र रुकुम पश्चिममा भूकम्प गएको एक महिना बित्दा पनि सरकारले पीडितलाई अस्थायी बसोबास र खानाको उचित प्रबन्ध गर्न नसकेको गुनासो गरे । पीडित गरिब आवासका लागि ७५ हजार रुपैयाँ छुट्याएर सरकारले गरिबीको मजाक गरेको भन्दै सरकारले पर्याप्त बजेट व्यवस्था गर्नुपर्ने बताए ।
सरकारका उच्चपदस्थ, कर्मचारीका छोराछोरी विदेश पढ्न जाने नाममा उतै पलायन हुने क्रम बढ्दै गएकाले देशको राष्ट्रिय पुँजी पलायन भइरहेको साहको टिप्पणी थियो । '७ लाख नेपाली श्रम स्वीकृति लिएर विदेशमा छन् तर देशमा रेमिट्यान्स न्यून हुँदै गइरहेको छ,' उनले भने, 'हुण्डीका कारोबारीले देश अस्तव्यस्त बनाए, वैधानिक विप्रेषणको खोजी गर्ने बेला आएको छ ।' वैदेशिक रोजगारीका नाममा कैयौं म्यानपावर र दलालले सोझा नेपालीलाई ठगिरहेकाले त्यस्तालाई पनि पार्टीले तह लगाउने उनले घोषणा गरे ।
शिक्षामा विभेदकारी नीतिले सरकारी र निजी क्षेत्रमा फरक पाठ्यसामग्री लागु भएको, मदरसा शिक्षा बोर्ड गठन गर्न पार्टीले पहल गर्ने र भन्सार नियमावलीमा पनि साहले आपत्ति जनाए । देशको गौरव बढाउने राष्ट्रिय खेलाडीले स्वदेशमा भविष्य सुनिश्चित नदेखेर विदेश पलायनको बाटो रोजु पनि दुःखदायी भएकाले उचित व्यवस्थापनका लागि सरकारले आवश्यक कदम चाल्नुपर्ने उनले सुझाव दिए । भूमि आयोगप्रति पनि असहमति जनाउँदै साहले बालुवाटारजस्तो जग्गाबारे मुद्दामा गम्भीर हुन सरकारलाई सुझाए ।

## प्रदेशसभामा गणतन्त्रबारे सांसदहरु एकमत



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभामा प्रमुख प्रतिपक्षी दलले संघीय लोकतान्त्रिक गणतन्त्रका लागि संकल्प प्रस्ताव पारित गर्न माग गरेको छ । नेकपा एमाले मधेश प्रदेशका संसदीय दलका नेता सरोज कुमार यादवले संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा सङ्कल्प प्रस्ताव पारित गर्न माग गरेका हुन् ।
उनले संघीयता लामो बलिदान तथा संघर्षपछि आएकाले यसलाई कसैले हरण गर्न नसक्ने दाबी गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सित्तैमा नआएको बताए । त्यस्तै, नेकपा माओवादी केन्द्र मधेश प्रदेश संसदीय दलका नेता भरतप्रसाद साहले दरबार हत्याकाण्ड छानबिन माग गर्दै जनताको नजरमा पूर्वराजा ज्ञानेन्द्र शाह मुख्य दोषी व्यक्ति प्रमाणित भएकाले कर्तव्य ज्यान मुद्दामा जेल चलान गर्नुपर्ने बताए ।
प्रदेश सभा सदस्य जिवछी कुमारी यादवले जनताको लामो संघर्ष र त्यागपछि प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रले समावेशिता र सहभागिता बढेको बताइन् । प्रदेशसभा सदस्य किरण साहले संघीयता र संविधानविरोधीलाई नियन्त्रण गर्न आवश्यक भएको बताइन् । त्यस्तै, प्रदेशसभा सदस्य सतिशकुमार सिंहले संघीयताप्रति आएको प्रश्नप्रति संघीय पक्षधर गम्भीर हुनपर्ने बताए ।
प्रदेशसभा सदस्य उपेन्द्र महतोले अतृप्त आत्मा र राजतन्त्रको अवशेषले गरेको आन्दोलनको तुक नरहेको बताए । उनले अहिले जनताको चाहनाअनुसारको व्यवस्थामा केही गर्न नसकिने बताए । उनले संघीयताकै कारण गाउँमा विकासको लहर चलेको र हरेक विकास कार्यमा जनताको प्रत्यक्ष सहभागिता रहेको बताए ।

## रास्वपाको बैठक आरम्भ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को केन्द्रीय समिति र संसदीय दलको बैठक महोत्तरीको जलेश्वरमा जारी छ । सोमबार दिउँसो सुरु भएको बैठकमा केन्द्रीय सदस्य, सांसद, संगठन, कानुन तथा न्याय, प्रशिक्षण विभागका पदाधिकारीको सहभागिता छ । मधेश प्रदेश सभापति र महामन्त्री पनि सहभागी छन् ।
रास्वपाले पार्टी स्थापनापछि अहिलेसम्मकै बृहत बैठक गरेको हो त्यो पनि मधेशमा । महामन्त्री मुकुल ढकालले समसामयिक राजनीति तथा पार्टी गतिविधिबारे जानकारी गराए । बैठकमा प्रदेशका सभापतिहरुले संगठनात्मक प्रतिवेदन प्रस्तुत गरे । सोमबार नै केन्द्रीय अनुशासन आयोगको प्रतिवेदन विभागका प्रमुख डा. भरतमणि देवकोटाले पेश गरे । बैठकमा २० सांसदलाई ७ मिनेटका दरले बोल्न समय

बाँकी पृष्ठ २ मा

# स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण माग गर्दै प्रदर्शन




**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरी युथ नेपालले रामराजा सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान अविलम्ब निर्माण गर्न माग गर्दै सोमबार सदरमुकाम राजविराजमा प्रदर्शन गरेको छ ।

अलपत्र अवस्थामा रहेको राजविराज नगरपालिका –१० बिरौलस्थित प्रतिष्ठान निर्माण माग गर्दै सप्तरी युथले थालेको आन्दोलनको दोस्रो दिन सोमबार प्रदर्शन गरिएको हो ।

स्थानीय राज रङ्गशालाबाट निकालिएको युवाको र्‍याली नगरको विभिन्न भाग परिक्रमा गर्दै जनआन्दोलन चोकमा पुगी कोण सभामा परिणत भएको थियो भने प्रदर्शनकारीले प्रतिष्ठानको काम शिघ्र सुचारु गर्न माग गरेका थिए ।

आन्दोलन परिचालन समितिका संयोजक सत्येन्द्र यादवको अध्यक्षतामा भएको कोण सभामा प्रतिष्ठान निर्माण स्थलमा रिले अनशन बसिरहेका रामकुमार दास, नेकपा एमालेका युवा नेता अखिलेश झा, सप्तरी युथका सदस्य मुस्तकिन आलम सुरज यादव, बसन्त यादव सहितकाले मन्तव्य राख्दै सरकारलाई अविलम्ब प्रतिष्ठानको निर्माण सुरु गर्न आग्रह गरे । उनीहरूले काम सुरु नगरेसम्म आन्दोलन जारी राख्ने बताए ।

उनीहरुले मंगलबार सिठ्ठी जुलुस, १३ गते टर्च बालेर नेता तथा सांसद खोजी, १४ गते जिल्ला प्रशासन कार्यालयको मूलगेटमा १ घण्टा धर्ना र १५ गते जिल्ला प्रशासन कार्यालयको मूलगेटमा २ घण्टा धर्ना दिने कार्यक्रम तय गरेका छन् ।

२०७५ सालमा नेपाल सरकारको मन्त्रिपरिषदको बैठकले प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो । २०७८ असार २२ गते तत्कालीन प्रधानमन्त्री केपी ओलीले प्रतिष्ठानको भवन निर्माण कार्यको भर्चुअल माध्यमबाट शिलान्यास गरेका थिए । यद्यपि अहिलेसम्म डिपिआर निर्माण बाहेक त्यहाँ केही काम भएको छैन ।

# काठमाडौँमा थारु समुदायले मनाए सामाचकेवा



**मधेशदृष्टि**
**काठमाडौँ ।**
आदिवासी थारू समुदायले काठमाडौँसहित पूर्वी तराईमा सामाचकेवा पर्व मनाएका छन् । दाजुभाइ–दिदीबहिनीबीच प्रेम र समर्पणको प्रतीक मानिने यो पर्व १२औँ दिनमा समापन गरिएको हो । सोमबार नै मिथिला क्षेत्रमा पनि सामाचकेवा समापनि गरिएको छ । कात्तिक शुक्ल द्वितिया अर्थात् भाइटीकाको दिनदेखि सुरु हुने यो पर्व कात्तिक पूर्णिमाका दिन समापन गरिने परम्परा रहेको थारू संस्कृति विद् भुलाइ चौधरी बताउँछन् । यस्तै, काठमाडौँ उपत्यकामा बसोबास गर्ने तराई क्षेत्रका आदिवासी थारु समुदायका दुई समूहले समाचकेवा पर्व समापन गर्ने कार्यक्रम राखे । थारु महिला समाजले ललितपुरको टीकाथलीस्थित गोदावरी खोलामा समाचकेवा समापन गरे भने थारू महिला सभाले काठमाडौँको तमू बौद्धमा समाचकेवा कार्यक्रम आयोजना गरेर समापन गरे ।

'हामी थारु समुदायले संघीय राजधानी काठमाडौँमा आफ्नो संस्कार र संस्कृतिलाई कायम विगत २० वर्षदेखि यो पर्व मनाउँदै आएका हौँ । तर सरकारले हाम्रो यो पर्वलाई कुनै मान्यता दिएको छैन । यो तराइको संस्कृतिमाथिको अपमान गरिएको छ,' थारू महिला समाजकी महासचिव अनिता चौधरीले बताइन् । थारु समुदायसँगै तराईमा अन्य समुदायले सामाचकेवा थारुसँगै सिकेर मनाउँदै आएका छन् । उनले भनिन्, 'सामाचकेवा थारुको रगतसँगको सम्बन्ध छ ।

यो इतिहासमा थारु राजाको कहानी समेटिएको छ । सामा राजाकी छोरी थिइन् । बुबाको आदेश पालना गर्न घरबाट वनबास जानु पर्‍यो । आफ्नै मौलिक परम्परा गीत र संगीत छ । त्यसकारण यसको महत्व थारु समाजमा धेरै छ ।'

उनका अनुसार करिब दुई हजार वर्ष पहिले गरभ देशमा गरभा नामक राजा थिए । उनकी रानीको नाम आदम्बत्ती थियो । सातौँ शताब्दीताका राजा शालिक बाहन थिए । उनको दरबार भरिपूर्ण थियो । नाचगानदेखि रेखदेख गर्ने रखबारीसम्म । उनका सात भाइ छोरा साम र बहिनी समा थिइन् । समाको विवाह त्यतिबेलाका सेन वंशीय राजा चक्रवातसँग भएको थियो । समाको सानैमा विवाह भएकाले उनी माइती अर्थात् बुबाकै दरबारमा बस्थिन् । दरबारमा विभिन्न मानिस आउजाउ गर्थे । एक दिन समालाई देखेर डाहा गर्ने चुगला (कुरौटे)ले राजालाई कुरा लगाइदिए । दरबारमा छोरीको कुरा राजासमक्ष पुगिसकेपछि राजाले छोरीलाई दरबारबाट निकालिदिए । समा बाध्य भएर वनबास जानुपर्‍यो । जब समाका सात भाइले बहिनीलाई घरबाट निकालेर वनबास पठाएको थाहा पाए, उनीहरु सातै भाइ बहिनी समा लिन जंगल गए । जंगल पुग्दा बहिनी समा चराको रुपमा थिइन् ।

बहिनी चरा भएको देखेर भाइहरुले वियोगान्त स्वरुप बहिनीको माया नपाए पनि अर्को जन्ममा समा–चकेवाको रुपमा जन्मिन पाउँ भन्दै फर्किए ।

त्यही दिनदेखि भाइ–बहिनीको प्रतीकको रुपमा समाजमा समा–चकेवा मनाउन थालिएको जनविश्वास छ ।

यता, समाजले राजालाई छोरीलाई निकालेर ठीक नगरेको भन्दै गरभा राजालाई गीतमार्फत गुनासो र चुगला (कुरौटे)लाई गाली गर्न थालेको मान्यता छ ।

# ६१ सडक बत्तीको लाइन काटियो

**मधेशदृष्टि**
**रौतहट ।**
वडा कार्यालयले विद्युतीय मिटर जडान गर्न आनाकानी गर्दा विद्युत प्राधिकरण चन्द्रपुर वितरण केन्द्रले सडकबत्ती (टावर लाइट) को लाइन काटेपछि वडाबासीलाई समस्या परेको छ । प्राधिकरणलाई जानकारी नै नगराई चन्द्रपुर, गुजरा र बृन्दावन नगरपालिकाका वडा अध्यक्षले बिनामिटर सडक बत्ती जडान गरेका कारण लाइन काटिएपछि वडाबासीलाई समस्या परेको हो । वितरण केन्द्रले चन्द्रपुर नगरपालिकाको वडा ४, ५ र ६ मा ३७ वटा, वृन्दावनको विभिन्न वडामा १७ वटा र गुजरा नगरपालिकामा ७ वटा गरी ६१ वटा सडक बत्तीको लाइन काटेको छ ।

दशैँअघि नै जडान भएका ती बत्तीको मिटर राख्न वितरण केन्द्रले पटक–पटक आग्रह गर्दा पनि वडा अध्यक्षले वास्ता नगरेको कारण बाध्य भई लाइन काट्नुपरेको केन्द्रका प्रमुख धिरेन्द्र यादवले बताए ।

उनकाअनुसार वडा कार्यालयले मिटर लिन चाहेमा निःशुल्क उपलब्ध गराई पुनः लाइन जोडिने छ । यसअघि चन्द्रपुर नगरपालिकाले जडान गरेको सडक बत्तीको बक्यौता महसुल दुई करोड ६५ लाख रुपैयाँ रहेको जानकारी दिँदै प्रमुख यादवले भुक्तानीका लागि नगरपालिकामा कैयौँपटक पत्राचार गरेको, भेटेरै पनि नगर प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतसँग संवाद गरेको तर पनि भुक्तानी नभएको बताए ।

# प्रदेशसभा सदस्य सिंहको फुकुवा



**मधेशदृष्टि**
**राजविराज ।**
मधेश प्रदेशसभा सदस्य अनिरुद्ध कुमार सिंहको निलम्बन फुकुवा भएको छ । सप्तरी ४ (ख)बाट स्वतन्त्रबाट निर्वाचित सांसद सिंह हत्या आरोपमा भदौ १८ गते पक्राउ परेपछि प्रदेशसभाले निलम्बन गरेको थियो । कार्तिक २३ गते धरौटीमा छुटेका सिंहले निलम्बन फुकुवाको निवेदन प्रदेशसभामा दर्ता गराएका थिए । सोही निवेदनको आधारमा निलम्बन फुकुवा गरेको प्रदेशसभा बैठकमा सभामुख रामचन्द्र मण्डलले जानकारी दिए । सांसद सिंह स्वतन्त्रबाट निर्वाचित भएपछि जनता समाजवादी पार्टी (जसपा)मा प्रवेश गरिसकेका छन् । माओवादी नेता गोविन्द चौधरीको हत्याकाण्डमा संलग्न रहेको भन्दै उनीविरुद्ध कर्तव्य ज्यान तथा डाँका मुद्दा परेको थियो । मुल्तबीमा रहेको मुद्दामा उनलाई सप्तरी जिल्ला अदालतमा पेश गर्दा अदालतले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो । अदालतले वादी रिता कुमारी चौधरीको जाहेरीले कर्तव्य ज्यान तथा डाँका मुद्दामा नेपाल सरकारको प्रतिवादी भनिएका अनिरुद्ध सिंहलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ६७ १ ख बमोजिम मुद्दा पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको थियो । सप्तरी जिल्ला अदालतको आदेशविरुद्ध अनिरूद्ध पक्षले उच्च अदालतमा रिट दायर गरेको थियो । मुद्दामा बहस हुँदा अनिरूद्रलाई धरौटीमा रिहा गर्न आदेश दिएको थियो । न्यायाधीश मुनेन्द्र प्रसाद अवस्थी र पूर्णप्रसाद राजवंशीको संयुक्त इजलासले उनलाई धरौटीमा रिहा गर्ने आदेश दिएको हो ।

# सोल्टीबजारमा डेंगुको प्रकोप



**मधेशदृष्टि**
**सर्लाही ।**
बागमती नगरपालिका –८, सोल्टीबजार क्षेत्रमा डेङ्गुको सङ्क्रमण व्यापक रुपमा फैलिएको छ । दिनहुँ डेङ्गुका बिरामी बढेपछि सोल्टीबजार क्षेत्रमा लामखुट्टे मार्न औषधि छर्किने, लार्भा खोजेर नष्ट गर्ने र स्थानीय वासिन्दालाई सचेतना प्रदान गर्ने काम सुरु गरिएको नगरपालिकाको स्वास्थ्य शाखा संयोजक पदम रायमाझीले जानकारी दिए । सङ्क्रमण नियन्त्रणका लागि बागमती नगरपालिकाले स्वास्थ्यकर्मी खटाएको जनाएको छ ।

स्वास्थ्य संयोजक रायमाझीका अनुसार सोल्टी बजार क्षेत्रका एक सयभन्दा बढी स्थानीयमा डेङ्गुको सङ्क्रमण देखिएको छ । बिरामी फेला परेका घरको सय मिटर आसपाससम्म औषधि छर्किने काम भइरहेको रायमाझीले बताए ।

बागमती नगरपालिकाको स्वास्थ्य शाखाले डेङ्गुबाट जोगिन घर वरिपरि पानी जम्न नदिन, सुत्ने बेला झुलको प्रयोग गर्न र लामखुट्टेको टोकाइबाट बच्ने उपाय अपनाउन आग्रह गरेको छ ।

# बेवारिसे अवस्थामा दुई नवजात शिशु

**मधेशदृष्टि**
**सर्लाही ।**
मलङ्गवा नगरपालिका वडा नम्बर ९ स्थित सडक छेउमा थुपारिएको फोहोरमा अन्दाजी ५–६ महिनाको २ शिशुको शव फेला परेको छ ।

सडकमा हिँडिरहेका स्थानीयले शिशुको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । शिशुको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवामा राखिएको सर्लाही प्रहरीका सूचना अधिकारी एवम् प्रहरी नायब उपरीक्षक दीपेन्द्र पञ्जियार थारुले जानकारी दिए । शिशुको शव फाल्नेको खोजी सुरु गरिएको डिएसपी थारुले बताए ।

घटनाको सम्बन्धमा सूक्ष्म ढङ्गले अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय मङ्गलवाले जनाएको छ ।

# जनकपुरमा हुने सीताराम विवाह महोत्सवको तयारी

**रासस**
**धनुषा ।**
मङ्सिर २६ गतेदेखि पुस २ गतेसम्म जनकपुरधाममा हुने सीताराम विवाह महोत्सवको तयारी सन्दर्भमा आज जानकी मन्दिरमा सर्वपक्षीय बैठक सम्पन्न भएको छ । त्रेता युगमा जनकपुरधाममा राजा जनकद्वारा धनुष भङ्गको प्रस्ताव राख्नु, धनुष भङ्ग गर्नेसँग पुत्री सीताको विवाह गर्नु र अयोध्याका राजकुमार रामद्वारा गुरू विश्वामित्रसँग जनकपुरधाम आई धनुष भङ्ग गरी सीतासँग स्वयमवर गर्नु आदि स्मृतिमा सीताराम विवाह महोत्सव यहाँ मनाउने चलन रहेको छ ।

रामायणअनुसार जनकपुरधामको रङ्गभूमिमा आयोजना गरिएको स्वयम्वरमा विभिन्न देवी देवताको उपस्थिति थियो । यसै प्रसङ्गलाई विभिन्न पक्षद्वारा प्रतीकात्मक रूपमा देखाउनु नै सीताराम विवाह महोत्सवको विशेषता रहेको छ ।

बैठकले यही पृष्ठभूमिलाई सफल र भव्यता प्रदान गर्न मूल समिति, उपसमिति गठन र व्यवस्थापनका विविध आयामबारे छलफल र कार्यान्वयनमा जोड दिएको छ । समारोहका लागि एक सय ५१ सदस्यीय मूल समिति र स्वास्थ्य, यातायात, सुरक्षा, खानेपानी, प्रचारप्रसार, मञ्च व्यवस्थापन, सजावट, दीपावली उत्सवको व्यवस्थापनका लागि उपसमिति पनि गठन गरिएको छ । गत वर्षमा प्रदेश सरकारले महोत्सवका लागि २० लाख रुपैयाँ विनियोजन गरेको थियो तर यस वर्ष प्रदेश सरकारले महोत्सवका लागि रकम विनियोजन नगरेकोप्रति सहभागीहरुले चिन्ता व्यक्त गर्दै रकम विनियोजनका लागि प्रदेश सरकारलाई आग्रह गर्ने सुझाव दिएका छन् ।

सीताराम विवाह महोत्सवको साताव्यापी कार्यक्रमअन्तर्गत मङ्सिर २६ गते जनकपुरधाम नगर दर्शन, २७ गते फूलवारी लीला, २८ गते धनुष यज्ञ, २९ गते तिलकोत्सव, ३० गते मटकोर, पुस १ गते स्वयम्वर तथा विवाह उत्सव र २ गते राम कलेवा रहेको जानकी मन्दिरका महन्त रामतपेश्वर दास बैष्णवले बताए । यसका साथै विवाह पञ्चमीका दिन हेलिकप्टरबाट पुष्पवृष्टि गरिने कार्यक्रम पनि रहेको सहायक महन्त बैष्णवले बताए । सीतालाई छोरी, बहिनीका रूपमा मान्ने मिथिलावासी महोत्सवमा देवीदेवताको सहभागिता सशरीर नभए पनि अदृश्य रूपमा उपस्थिति हुने विश्वासले हर्ष र उल्लासका साथ प्रतिछाया जन्तीको आगमनदेखि बिहेसम्म सहभागी हुने गरेको जानकार डा राजेन्द्र विमलले बताए ।

# रास्वपाको बैठक...........

दिइएको थियो । पार्टी उपसभापति डोलप्रसाद अर्यालले आर्थिक तथा लेखा प्रतिवेदन पेश गरे भने आर्थिक व्यवस्थापन विभाग प्रमुख लिमा अधिकारी र लेखा आयोगका प्रमुख अभिषेक घिमिरेले प्रतिवेदनमाथि बोले ।

संगठन विभागका प्रमुख तथा सहमहामन्त्री कविन्द्र बुर्लाकोटीले सोमबार सांगठनिक प्रतिवेदन पेश गरे । यस्तै, नीति विचार प्रतिनिधि मण्डलको बैठक पनि सोमबार साँझ भएको छ ।

मंगलबार बिहान केन्द्रीय समिति र संसदीय दलको छुट्टाछुट्टै बैठक बस्ने बताइएको छ । केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठक बिहान ११ बजे सुरु हुनेछ । बैठकमा प्रमुख सचेतक सन्तोष परियारले संसदीय दलको गतिविधिबारे प्रतिवेदन पेश गर्नेछन् ।

मंगलबार सभापति रवि लामिछानेले राजनीतिक प्रतिवेदन पेश गर्ने छन् । महामन्त्री ढकाल र सहमहामन्त्री बुर्लाकोटीले महाधिवेशनको कार्यविधि र प्रक्रियासहितको प्रतिवेदन मंगलबार पेश गर्ने सूची छ । मंगलबार नीति विचार प्रतिनिधिमण्डलको बैठक पनि बस्नेछ । तेस्रो दिन बुधबार बिहान ७ बजे सुरु हुने बैठक १२ः३० मा सकिने छ । महाधिवेशन कार्यविधि तथा प्रक्रियामाथि दुई घण्टाभित्र सहभागीले धारणा राख्नेछन् ।

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी भाइरसको संक्रमणबाट बच्ने उपायहरू

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीका मूख्य लक्षणहरू

उच्च ज्वरो आउनु
जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु
आँखाको गेडी दुख्नु
बेस्सरी टाउको दुख्नु
शरीरमा राता बिमिराहरु आउनु
वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?

स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।

घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।

अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरून्त भर्ना हुने ।

( *चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

परवानीपुर गाउँपालिका
लिपनीमाल, बारा, मधेश प्रदेश

परिकल्पनाले संसारलाई शासन गर्ने क्षमता राख्दछ।
–नेपोलियन बोनापार्ट

## सम्पादकीय

# पर्व, उत्सव मेला र मधेश

मधेश प्रदेश महत्वपूर्ण पर्व छठको रौनकपछि लगातार मेला, महोत्सव, पर्वमा रमाइरहेको छ । कमला नदीमा लाग्ने सबैभन्दा ठूलो मेला भूतमेला सोमबार भएको छ । मधेशका सर्वसाधारण कमला पुगेर स्नान गर्नुलाई कार्तिक पुण्य मान्छन् । भोजपुरा र मिथिला संस्कृति मान्ने सबै मधेशका बासिन्दा कमला पुगेका छन् । धामीझाँक्रीको केही विश्वास यसमा प्रयोग हुने गरेको छ । कमलामा लाग्ने मेलाको नाम नै भूतमेला भन्ने गरिएको छ । तर केही सचेत समुदाय यसलाई नाम फेर्न लागेका छन् । भूतमेलालाई कमला मेला भन्न रुचाउँछन् । उसो त छठपछि लगातार मेला र पर्वले मधेश अभ्यस्त छ । मित–मितिनीकहाँ ठकुवा पु¥याउने जाने परम्परासमेत मधेशमा लोकप्रिय छ । सनेस अर्थात् छठ सकिएसँगै मिथिलाका गृहिणीलाई सनेसका लागि ठकुवा पकाउने र आफन्त कहाँ पठाउने चटारो छ । विवाहित छोरीचेली, इष्टमित्र, मित–मितिनी र आफन्तलाई पठाउने पुरानो स्थापित परम्परा हो । अहिले मिथिलानी (मिथिलाका नारी)लाई ठकुवा, भुसुवासहितका परिकार पकाउन र सम्बन्धित कहाँ पठाउन भ्याइनभ्याइ छ । लबान पर्व पनि मधेशको अर्को पर्व हो । अर्कातिर सामाचकेवाको रौनकले पनि मधेश उस्तै पुलकित र उद्वेलिन हुन्छ । चाडपर्व, संस्कृति र सभ्यतामा धनी छ मधेश ।

चाडपर्वले मधेश लगभग कार्तिक पूर्णिमासम्म व्यस्त छ । मधेशको तथ्यांक आएको छसाढे ११ लाख भन्दा बढीलाई अझै पनि खान पुग्दैन । अर्कातिर ऋण गरेर भए पनि चाडपर्व मनाउनु पर्ने अवस्था छ । खानै नपुग्ने जनसंख्याले कहाँबाट जुटाउने ? कसरी जुटाउने ? यसपछि कमाइका नाममा अनेक प्रलोभनमा किशोर र युवापुस्ता फसेका छन् । लागुऔषध र दुव्र्यसनको पछि ट्रान्जिट हुँदा मधेशका २५ मुनिका युवा किशोर पुस्ता सकिनै लागेका छन् । अर्कातिर ससाना घटनाको आक्रोश पनि हत्यासम्म पुग्ने गरेको छ । यस्ता कैयौँ दृश्य बिर्सेर यतिखेर मधेश चाडपर्वको रौनकमा भुलिरहँदा दुई वटा शिशुको शव भेटिएर फेरि अर्को तरंगमा बगेको छ । अवैध यौन सम्बन्धको उपज जन्मिएका बच्चा फालिएको र परिचय खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ । दृश्यहरु जस्ता भए पनि दुःख, अभाव, तनाव, माग र गुनासोमा मधेश अल्मलिएको छ । स्वयम् मधेश सरकारले प्रहरी प्रशासन र कर्मचारी संयन्त्रमाथि अधिकार नभएकाले मधेशमा सुशासन दिन नसकेको भन्दै ज्ञापन पत्र दिएको छ । सरकारलाई दिइएको अल्टिमेटका आधा समय त चाडपर्व मानेरै र यस्तै एकाध अपराधका समाचार स्रोता, दर्शक, पाठक भएर बितिरहेको छ ।

फेरि पनि आसाको त्यान्द्रोमा सिंगो जीवन घिस्रिरहेको छ । यसैगरी मधेश पनि अघि बढ्न खोजिरहेको छ । पर्साको कालिकामाईमा मन्दिरमा दलित पुजारी हुँदा बस्तीमा दलित समुदाय शिक्षा र चेतनाको स्तर बढाइरहेका छन् । एउटा दलित मात्रै समुदायमा पुजारी हुँदा पनि सिंगो मधेशमा सकारात्मक सञ्चार हुँदोरहेछ । यावत् समस्याहरु देखाउँदा–पढाउँदा कहिलेकहीँ यस्ता समाचारले पनि समाजलाई सकारात्मक सञ्चार गराउँदोरहेछ । यस्तै समाचारले मधेशका समृद्धिको कामना हामी सबैको हो तर त्यसका लागि व्यवहार सुध्रिनु पर्छ, शासक सुध्रिनुपर्छ । सबैभन्दा पहिला त समाजका सदस्यहरु नागरिक सचेत हुनुपर्छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना हो: madheshdristi@gmail.com

# सामाजिक न्यायमा सामाजिक सुरक्षा कार्यक्रम

*संविधानमा व्यवस्थाअनुसार समाजवादउन्मुख संविधान कार्यान्वयनको सबैभन्दा महत्वपूर्ण आयाम सामाजिक न्याय हो । सामाजिक न्याय कार्यान्वयनको महत्वपूर्ण आधार सामाजिक सुरक्षा कार्यक्रम हो तसर्थ, यो कार्यक्रम समाजवादी राज्य स्थापनाको आकांक्षा राख्ने सम्पूर्ण जनसमुदायका निम्ति गौरवको विषयसमेत हो । सुरुवाती चरणमा कोषमा सूचीकृत योगदानकर्ताले मात्रै स्वास्थ्योपचार लगायत अन्य सुविधा प्राप्त गर्ने व्यवस्थामा सुविधा थप गर्दै योगदानकर्ताका परिवारलाई नै स्वास्थ्य उपचार सुविधा दिने गरी गृहकार्य भइरहेको छ ।*

*स्वास्थ्यमा सबैको सहज पहुँच पुर्याउन यसप्रकारका कार्यक्रम एक उत्कृष्ट नमूना बन्ने विश्वास छ । सम्पूर्ण नेपाली नागरिकको कोखदेखि शोकसम्मको सामाजिक सुरक्षा प्रदायक संस्थाको रुपमा समाजिक सुरक्षा कोषलाई विकास गराउन तथा सामाजिक सुरक्षा कार्यक्रमलाई सबै नागरिकसम्म पुर्याउन नेपाल सरकारबाट गर्नुपर्ने समन्वय तथा सहयोगमा कुनै कमी हुने छैन ।*



**पुष्पकमल दाहाल, प्रधानमन्त्री**

छैठौँ सामाजिक सुरक्षा दिवस, २०८० को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण श्रमिक, रोजगारदाता तथा योगदानमा आधारित सामाजिक सुरक्षालाई सफल बनाउन अनवरत सहयोग पु¥याउनुहुने सबै व्यक्ति तथा संघसंस्थाप्रति हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्दछु। सामाजिक सुरक्षा कोषको प्रभावकारी कार्यसम्पादनसहित निरन्तर प्रगतिको शुभेच्छा व्यक्त गर्दछु।

जनताको बलिदानीपूर्ण संघर्षमार्फत प्राप्त भएको नेपालको संविधानले दिशानिर्देश गरेबमोजिम नेपालमा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको जग बसाइएको विषय यहाँहरु सबैमा विदितै छ। संविधानमा व्यवस्था भएको समाजवादउन्मुख संविधान कार्यान्वयनको सबैभन्दा महत्वपूर्ण आयाम सामाजिक न्याय नै हो, अनि सामाजिक न्याय कार्यान्वयनको महत्वपूर्ण आधार सामाजिक सुरक्षा कार्यक्रम। तसर्थ, यो कार्यक्रम समाजवादी राज्य स्थापनाको आकांक्षा राख्ने सम्पूर्ण जनसमुदायका निम्ति गौरवको विषयसमेत हो।

हालसम्म ५ लाख श्रमिक सामाजिक सुरक्षा कोषमा आवद्ध भइसकेको परिप्रेक्ष्यमा विदेशमा रहेका नेपाली र अनौपचारिक क्षेत्रका सम्पूर्ण श्रमिकलाई यस कार्यक्रममा समावेश हुन हार्दिक अपिल गर्दछु, कार्यक्रममा आवद्धताका निम्ति रोजगारदातामा समेत विशेष आग्रह गर्दछु। मैले विभागीय मन्त्रीमार्फत कोषको बारेमा जानकारी लिँदै पनि आएको छु। सुरुवाती चरणमा कोषमा सूचीकृत योगदानकर्ताले मात्रै स्वास्थ्योपचारलगायत अन्य सुविधा प्राप्त गर्ने व्यवस्था गरिएको रहेछ। त्यसमा सुविधा थप गर्दै योगदानकर्ताको परिवारलाई नै स्वास्थ्य उपचार सुविधा दिने गरी गृहकार्य भइरहेको सुन्दा मलाई अत्यन्तै खुसी लागेको छ। स्वास्थ्यमा सबैको सहज पहुँच पु¥याउन यो कार्यक्रम एक उत्कृष्ट नमुना कार्यक्रम बन्ने विश्वास लिएको छु।

'सबैलाई सामाजिक सुरक्षा' भन्ने राष्ट्रिय लक्ष्य हासिल गर्न मैरै निर्देशन र पहलमा वैदेशिक रोजगारीमा जाने श्रमिकको सामाजिक सुरक्षाको सुरुवात गरिएको छ। कार्यक्रमको कार्यान्वयनमा देखिएका चुनौती सामूहिक प्रयासबाट सम्बोधन हुने विश्वास राखेको छु। २०७९ चैत ८ गते मात्रै सुरुवात गरिएको यो कार्यक्रममा लाखौँ श्रमिक सूचीकृत भइसकेको जानकारी पाउँदा थप उत्साहित छु। यस सन्दर्भमा सरल र सहजरुपमा सुविधा उपलब्ध गराउन कोषको व्यवस्थापकीय पक्षलाई सुदृढ तुल्याउनसमेत निर्देशित गर्दछु।

कोषका अनुसार हाल १८ हजार ४ सय ३९ रोजगारदाता र नौ लाख २८ हजार ४ सय ५३ योगदानकर्ता कोषमा आबद्ध हुनुभएको छ। जसमा औपचारिकतर्फ चार लाख ६१ हजार ७ सय ९६ जना, वैदेशिक रोजगारीतर्फ चार लाख ६६ हजार ६ सय २२ जना, स्वरोजगारमा ३२ जना




र अनौपचारिकतर्फ तीन जना आबद्ध हुनुभएको छ। यस अवधिसम्म कोषमा ५१ अर्ब २९ करोड रुपैयाँ संलन भएको छ। कोषबाट औषधी उपचार, स्वास्थ्य तथा मातृत्व योजनातर्फ ७६ करोड १२ लाख, दुर्घटना तथा अशक्तता सुरक्षा दाबी रकम करोड ७५ लाख र अवकाश दाबी रकम पाँच अर्ब ४८ करोड ९६ लाख रुपैयाँ रहेको छ। यस्तै, आश्रित परिवार सुरक्षा दाबी रकम १० करोड ९६ लाख रुपैयाँ रहेको छ। संघीय लोकतान्त्रिक गणतन्त्रको मर्मअनुरुप सामाजिक सुरक्षालाई संघ वा प्रदेशको मात्र नभई स्थानीय तहको समेत दायित्वको रुपमा लिँदै आफ्नो स्थानीय तहमा रहेका अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमार्फत सामाजिक सुरक्षाको दायरामा ल्याउनसक्ने गरी कानुनी आधार तयार गरेका थियौँ। त्यस कार्यक्रमको घोषणा गर्ने ऐतिहासिक जिम्मेवारी पनि प्रधानमन्त्रीको रुपमा मैले नै प्राप्त गरेको थिएँ। आज यस कार्यक्रममार्फत सबै स्थानीय तहलाई कार्यक्रम प्रभावकारी बनाउने कार्यमा सशक्त भूमिका खेल्नसमेत आग्रह गर्दछु।

कोषबाट सञ्चालित योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको अनिवार्य कार्यान्वयन र सफलतामा सरकारले आफ्नो सफलता देखेको छ। सम्पूर्ण नेपाली नागरिकको कोखदेखि शोकसम्मको सामाजिक सुरक्षा प्रदायक संस्थाको रुपमा सामाजिक सुरक्षा कोषलाई विकास गराउन तथा सामाजिक सुरक्षा कार्यक्रमलाई सबै नागरिकसम्म पु¥याउन नेपाल सरकारबाट गर्नुपर्ने समन्वय तथा सहयोगमा कुनै कमी नहुने विश्वास दिलाउन चाहन्छु।

योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा योगदान गरिरहेकै अवस्थामा मृत्यु भएका व्यक्तिका आश्रित परिवारले मासिक एक लाख रुपैयाँसम्म पेन्सन लिन थाल्नुभएको छ। यो आफैँमा महत्वपूर्ण आरम्भ हो। आगामी दिनमा यस अभियानले थप सफलता हासिल गर्दै अगाडि बढ्ने नै छ।

अन्त्यमा, राष्ट्र निर्माणका लागि दूरगामी र रचनात्मक प्रभाव पार्ने साथै आउँदो पुस्ताका लागि एउटा गर्विलो इतिहास बन्नसक्ने यस कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न दिलो ज्यानले लाग्ने अपेक्षा गर्दै, आयोजकहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

# कार्तिक पूर्णिमा स्नान र भरिभराउ नदी किनार

*कार्तिक महिनामा शुभविवाहहरु र विशेष पूजा आजा गर्न नमिल्ने कुरा हिन्दू अभिलेख र ग्रन्थमा उल्लेखित छ । कार्तिक महिनामा कार्तिक स्नानको ठूलो महत्व छ । यो महिनामा खास गरेर स्नान, दानका कार्य गर्न सकिन्छ । आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक शुक्ल पूर्णिमासम्म कार्तिक स्नान गरी घरघरमा विशेषरुपमा गरिने तुलसी पूजा पनि सुरु हुन्छ । तुलसी पूजा सूर्योदयअघि नै गरिसक्नुपर्ने मान्यता छ । आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक स्नान गरे महापातकबाट पनि मुक्त भइने धार्मिक विश्वास छ ।*



**सञ्जय मिश्रा**

कार्तिक पूर्णिमाको अवसरमा लालबकैया र बागमती नदीमा सोमबार बिहानैदेखि स्नान गर्नेको घुँईचो लागेको छ। पूर्णिमाको अवसर पारेर स्थानीय कटहरिया, मौलापुर, देवाहीगोनाही नगरक्षेत्रअन्तर्गत लालबकैया नदीको विभिन्न घाट र गढीमाई, राजदेवी नगरक्षेत्रअन्तर्गत बागमती नदीको विभिन्न घाटमा बिहानैदेखि स्नान गर्ने भक्तजनको घुइँचो लागेको थियो।

त्यसैगरी, कमला नदीमा स्नानका लागी यहाँ बाट सैयौँ मानिस त्यहाँ पुगेका छन्। बिहान सूर्य नउदाउँदै लालबकैया,बाग्मतीलगायत विभिन्न नदीमा कमला नदीमा स्नानका लागि भिड लागेको छ। त्यसैगरी, रौतहटको कटहरियालगायत विभिन्न पालिकाबाट धामीझाँक्रीको पहलमा धनुषाको कमला नदीमा पूर्णिमा स्नान गर्न र भूतमेलामा सहभागी हुन सैयौँ मानिस (कारणी) त्यहाँ पुगेका छन्। कार्तिक महिनाको पूर्णिमालाई कार्तिक पूर्णिमा, त्रिपुरोत्सव पूर्णिमा र कार्तिकस्नान पनि भनिन्छ।

धर्मशास्त्रअनुसार कार्तिक पूर्णिमाका दिनमा गंगा स्नान गर्नुको विशेष महत्व छ। आज पूर्णिमाका दिन नदी जलाशयमा स्नान, पछि दान गर्नाले मानव जुनीबाट मुक्ति पाउने जनविश्वास छ। कार्तिक महिना हिन्दू महिनाको १२ महिनामध्ये सातौँ महिना महिना हो। सौर्यमास प्रणालीअनुसार कार्तिक महिना तुला सक्रान्तितको दिनदेखि सुरु हुन्छ। चन्द्रमासका अनुसार कार्तिक महिना कोजाग्रत पूर्णिमाको भोलिपल्टबाट सुरु हुन्छ। तर शाक्यपञ्चांगअनुसार भने कार्तिक महिना तुला सक्रान्तिको ५ दिनपछि सुरु हुन्छ। नेपालमा सौर्यमासलाई नै व्यवहारमा ल्याइएको छ। यो महिना शरद ऋतुको दोस्रो



महिना हो। अंग्रेजी महिनाको अक्टोबरको आधा महिना र नोभेम्बरको आधा महिना कार्तिक महिनामा पर्छ। प्राचीन हिन्दूपरम्परा र मान्यताअनुसार कार्तिकक महिनामा कुनै पनि देवकर्म गर्न नमिल्ने र गरिहाले उल्टो फल प्राप्त हुने जनविश्वास छ। यसैकारण कार्तिक महिनामा शुभविवाहहरु र विशेष पूजा आजा गर्न नमिल्ने कुरा हिन्दू अभिलेख र ग्रन्थमा उल्लेखित छ। कार्तिक महिनामा कार्तिक स्नानको ठूलो महत्व छ। यो महिनामा खास गरेर स्नान, दानका कार्य गर्न सकिन्छ। आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक शुक्ल पूर्णिमासम्म कार्तिक स्नान गरी घरघरमा विशेषरुपमा गरिने तुलसी पूजा पनि सुरु हुन्छ। तुलसी पूजा सूर्योदयअघि नै गरिसक्नुपर्ने मान्यता छ। आश्विन शुक्ल पूर्णिमादेखि कार्तिक स्नान गरे महापातकबाट पनि मुक्त भइने धार्मिक विश्वास छ। धनुषा र सिराहाको सीमा भएर बग्ने कमला नदीमा आज भूतमेला लागेको छ।

कात्तिक पूर्णिमाको अवसरमा प्रत्येक वर्ष लाग्ने भूतमेलामा एकाबिहानैदेखि कमला स्नान गर्ने श्रद्धालुहरुको घुइँचो लागेको छ। आइतबार साँझ घरबाट धामीझाँक्रीसहित हिँडेका विभिन्न गाउँबासी सिरहा र धनुषाको सिमानामा पर्ने कमलाको सारश्वर, चिकना, बनिनिया, बसपिट्टा, बरेरबा, फूलबरिया, उत्तरबाहिनी, इनर्वालगायतका घाट पुगेका छन्।

कार्तिक शुक्ल पूर्णिमाको दिन भूत बैताल, देवी देवताको गुहान गर्दा त्यसबाट छुटकारा पाउने कटहरिया नगरपालिकाका–५ धामी सिकिन्दर यादवले बताए ।। धामीझाँक्रीहरुले भूत र घरको कुल देवता खेल्दै कात्तिक शुक्ल पूर्णिमाको दिन स्नान गर्ने सदियौँको परम्परा भएको र यो मेलालाई धामी झाँक्रीको मेला पनि भनिन्छ। आजका दिनदेखि नयाँ–नयाँ धामी झाँक्री बन्ने तथा तन्त्रमन्त्रमा सिद्ध पाउने जनविश्वास छ। भूतमेलामा स्नान गरेपछि घर आउने बेलामा भक्तजनले कमला नदीको शुद्ध पानी आआफ्नो घर लैजाने गर्छन्। यो पानी जमिनमा छर्केर पूजाका लागि शुद्ध पार्न प्रयोगमा ल्याइने धामीझाँक्रीहरु बताउँछन्।

कटहरिया–५ का झाँक्री यादवले मात्र दर्जनौँ कारणीलाई कमला नदी स्नानका लागि लगेका छन्। स्थानीय भाषामा भूतप्रेत लागेका मानिसलाई कारणी भन्ने गरिन्छ। मधेशको गाउँठाउँमा खासगरी अशिक्षित, गरिब, दलित र विपन्न वर्गका महिलापुरुष भूतप्रेत लागेको, बोक्सीले तन्त्रमन्त्र गरेको विश्वासका साथ धामीझाँक्रीको रेखदेखमा कार्तिक पूर्णिमा स्नान गर्न आआफ्नो ठाउँबाट कमला नदीमा जानेगरेको कटहरिया–५ का समाजसेवी दीनानाथ साहले बताए। स्थानीय प्रशासनले वास्ता नगरेका कारण हाल रौतहटमा च्याउजस्तै धामीझाँक्री देखिएका छन्। कटहरिया, फतुवा विजयपुरलगायतका पालिकाको विभिन्न गाउँका धामीझाँक्रीले गत दशैँमा भूतप्रेत, तन्त्रमन्त्र लागेकालाई ठीक गरेको भन्दै लाखौँ रुपैयाँ बराबरको खसीबोका र नगद चिराकी दक्षिणास्वरूप लिएको प्रत्यक्षदर्शीहरुले बताए।

## नेपाल रेल्वे समय तालिका

**भंगाहा–जनकपुरधाम–जयनगर**

| सिफ्ट | भंगाहाबाट खुल्ने समय | जनकपुरधामबाट खुल्ने समय | जयनगर पुग्ने समय |
|---|---|---|---|
| पहिलो | ०७:३० | ०८:३५ | १०:०० |
| दोस्रो | | ११:३० | १२:५५ |
| तेस्रो | | १६:३० | १७:५५ |

**जयनगर–जनकपुरधाम–भंगाहा**

| सिफ्ट | जयनगरबाट खुल्ने समय | जनकपुरधाम पुग्ने समय | भंगाहा पुग्ने समय |
|---|---|---|---|
| पहिलो | ०८:३० | ०९:५५ | |
| दोस्रो | १५:०० | १६:२५ | |
| तेस्रो | १८:०० | १९:१२ | २०:३० |

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभ्भा : | ०७:३० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँभ्फ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आजको दिन खेलकुद तथा मनोरञ्जनात्मक कार्यमा बित्ला, पारिवारिक मित्रता तथा रमाइलो यात्रा होला ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ नयाँ मित्रहरुसंगको भेटले मन आनन्दित रहला। आर्थिक लाभका नयाँ नयाँ मार्गहरु नि प्रशस्त होलान् ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
आजको दिन नयाँ बस्त्र तथा आभुषण प्राप्त हुने योग छ। आटेका वा सोचेका काम कार्यहरु पूरा होलान् ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आजको दिन शिक्षा क्षेत्रमा सफलता पाउनुका साथै कुनै लेख रचना तथा साहित्यिक कार्यको थालनी होला ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज कुनै उपहार तथा पुरस्कार प्राप्त हुने योग पनि रहेको छ ।आज दक्षिण तिरको यात्रा नगरेकै राम्रो होला।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आजको दिन अपर्झट कुनै पनि स्थानको यात्रा हुनसक्छ, खेलकुद तथा साहित्यिक क्षेत्रमा तपाईंको सहभागीताले उत्साह थपिएला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज हर्ष तथा प्रसन्नताका साथ समय बित्नेछ, आज को दिन आध्यात्मिक चिन्तनमा मन जाने देखिन्छ ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
तपाईंको लगनशीलता तथा पराक्रमले कठिन भन्दा कठिन कार्यहरु पनि सहजै सम्पन्न+ होलान् ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आजको दिन धन आर्जनका विभिन्न मार्गहरु प्रशस्त होलान् धन तथा मान प्राप्ति हुनसक्छ, वैदेशिक यात्राका अवसरहरु पनि आउनसक्छ,

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आजको दिन तपाईंको व्यक्तित्व देखेर सबै प्रभावित होलान् , आर्थिक लेनदेनमा विशेष सावधानी अपनाउनुहोला।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आजको दिन अनावश्यक खर्चको योग आएको छ तपाईंको कमजोरीको फाइदा उठाउलान, धैर्य तथा विवेकले काम लिनुहोला।

**मीन - PISCES** दि,दु,थ,भ्क,ञ,दे,दो,च,चि
आजको दिन तपाईंलाई गुप्त बिद्या तथा शिक्षा प्राप्त होला , आज विशेष परिस्थितिले दिनभर मन रमाउला ।

# एउटै ड्रागन एक किलो बढीका



**रासस**
**चितवन ।**
भरतपुर महानगरपालिका–७ का शम्भु सुवेदीको कृषि फार्ममा एउटै ड्रागन फल एक किलो ६४ ग्रामको फलेको छ । यहाँ कृषि फार्म सञ्चालन गर्दै आएका सुवेदीले पहिलो पटक यति ठूलो फलेको बताए । आइतबार साँझ आफ्नो फार्ममा फल टिपेर जोखेपछि उत्साहित हुँदै उनले भने, 'एक किलो पुग्दैन कि भन्ने थियो, अझै बढीको भयो । निकै खुसी छु । योभन्दा पनि ठूलो अर्को फल पाक्न लागेको छ ।
आवश्यक मलजल र स्याहार पु¥याउन सक्यो भने दुई किलोसम्म फलाउन सकिन्छ ।' सुवेदीले एक हेक्टर जमिन भाडामा लिएर तीन वर्ष यतादेखि ड्रागन फलको खेती गर्दै आएका छन् । यस वर्षका हालसम्म आठ लाख रुपैयाँ बराबरको बिक्री गरिसकेको उनले जानकारी दिए । फल फल्नेक्रम जारी रहेको भन्दै उनले यस वर्ष फल र बिरुवा गरेर २० लाख रुपैयाँको बिक्री गर्ने योजना रहेको बताए । 'यस वर्ष सात÷आठ लाख रुपैयाँको बिरुवा पनि बिक्री गर्ने योजनामा छु ।' भाँचिएका हाँगासमेत उपयोग गरेर बिरुवा तयार गर्न सकिन्छ', सुवेदीले भने, 'मेहनत ग¥यो भने एक वर्षमा एक हेक्टर जमिनमा २० लाख रुपैयाँको ड्रागन बेच्न सकिन्छ । यसबाट आठ लाख रुपैयाँ हाराहारी बचत हुन्छ ।' गत वर्ष १६ लाख रुपैयाँको ड्रागन फल र बिरुवा बिक्री गरेको उनले बताए । पहिलो वर्ष पाँच÷छ महिनापछि नै उत्पादन लिन थालेको बताउँदै सुवेदीले अहिले ड्रागन लगाएको ठाउँमा सयपत्री फूल, बदाम, भटमाससमेत लगाएको बताए । 'यसै महिनादेखि जिरा पनि लगाउँदै छु । नेपालमा बर्सेनि २७ अर्ब रुपैयाँको जिरा आयात हुन्छ', उनले भने । सुवेदीले फार्ममा उत्पादन भएको ड्रागनलाई प्रतिकिलो चार सयदेखि छ सय रुपैयाँसम्ममा आकारका आधारमा बिक्री गर्दै आएका छन् ।
व्यावसायिकरुपमा काम गर्न सरकारी अनुदान प्राप्त भएको सुवेदीले बताए । झण्डै ६० लाख रुपैयाँ लगानी गरेको जनाउँदै उनले १५ लाख रुपैयाँ अनुदान पाएको बताए । योसँगै छ लाख रुपैयाँ बराबरको सरकारी निकायबाट बोरिङ राखिएको उनको भनाइ थियो ।आफ्नो जीवनको अधिकांश समय नेपाली राजनीतिमा बिताएका सुवेदीको अहिलेको दिनचर्या ड्रागन फ्रुट्स खेतीमा बित्ने गरेको छ । बिरुवा उत्पादनदेखि बिक्रीसम्म उनले गरिरहेका छन् । रोजगारीको सिलसिलामा युवा विदेश पलायन हुँदै गर्दा उनले व्यावसायिक कृषि गरेर यही सम्भव छ भन्ने देखाएका छन् । सुवेदीले मलेसियाबाट एक हजार, भियतनामबाट दुई हजार र भारतको राजस्थानबाट दुई हजार गरी पाँच हजार बिरुवाबाट खेती सुरु गरेको जानकारी दिए । विदेशमा यस फलबाट वाइन, साबुन, स्याम्पु, टुथपेष्ट, फेस क्रिमजस्ता मानव जीवनमा आवश्यक प्रशोधित सामग्रीको उत्पादन हुने गरेको उनले बताए । उनले यस खेतीमा एकपटकमा लगानी गरे पछि २५ वर्षसम्म उत्पादन लिन सकिने बताए । वर्षमा १५ देखि २० पटकसम्म एउटै बोटबाट उत्पादन लिन सकिने यो फल विशेषगरी जेठदेखि कात्तिकसम्म उत्पादन हुने गर्दछ । यहाँको उत्पादन स्थानीय बजार, काठमाडौँ, पोखरालगायतका सहरमा पुग्ने गरेको छ । सुवेदीले उद्योग सङ्घको शनिबारे हाटबजार र फार्मबाटै बिक्री गर्दै आएको बताएका छन् ।

# बजार नपाउँदा किसान चिन्तित



**रासस**
**भरतपुर ।**
तरकारीले बजार नपाएपछि चितवनका किसान चिन्तित भएका छन् । राम्रो बजार मूल्य पाउने आशमा तरकारी उत्पादन गरेका यहाँका किसान बजार नपाएपछि चिन्तित भएका हुन् । बीस वर्षदेखि तरकारी खेती गर्दै आएका चितवनको रत्ननगर नगरपालिका–९ भानुचोकका मोहमद नबिहसन मियाँले तरकारीले बजार र मूल्य नपाउँदा बारीमा नै कुहिन थालेको बताए । दैनिक सात÷आठ जनालाई स्वदेशमै रोजगार दिँदै उनले छ बिघा जग्गा भाडामा लिएर २० वर्षदेखि तरकारी खेती गर्दै आएका छन् । प्रतिकिलो ५० रुपैयाँ सम्ममा बेच्दै आएको काँक्रो एक्कासी भाउ घटेर प्रतिकिलो पाँच रुपैयाँ पुगेपछि टिप्नै छाडेको उनले बताए ।
'१५÷२० क्विन्टल काँक्रो बारीमै नटिपेर कुहिन सुरु गरेको छ', मियाँले भने, 'बजारको कुनै टुङ्गो नै छैन ।' मागभन्दा बढी तरकारी उत्पादन भएपछि तरकारी खपत हुँदैन र किसान घाटामा पर्छन् । भारतबाट ठूलो परिमाणमा तरकारी आयात हुनाले यहाँका किसानको उत्पादनले बजार पाउन नसकेको उनको भनाइ थियो । 'मान्छेले सबैभन्दा सजिलो तरकारीखेती हो भने पनि खेती गर्दाको लगानी, दुःख, कठिनाइ धेरै हुने गर्छ । जुन अरु खेतीमा छैन', मियाँले भने । उनले बारीमा लगाएको काउलीको मूल्य १० रुपैयाँ प्रतिकिलो पनि नपाएकाले काट्न ढिला हुँदा काउली बारीमै कुहिन थालेको बताए । 'उपभोक्ताले काउली किनेर खाँदा प्रतिकिलो ३० रुपैयाँसम्म पर्न गए पनि हामीले बजार पाएको छैनौँ । हामीले बेच्दा घाटा खाएर बेच्नुपरेको छ', मियाँले भने, 'किसानले प्रतिकेजी मूल्य २० रुपैयाँ मात्रै पाउने हो भने पनि लगानी उठ्न सक्छ र बारीमा तरकारी पनि कुहिँदैन ।' सरकारले समयमा नै अनुदानमा रासायनिक मल नदिनु, नगरपालिकाले किसानको खेतबारी समयसमयमा अवलोकन गरेर परामर्श दिने संस्कारको विकास नहुनुलगायत कारणले किसान समस्यामा परेका मियाँले बताए ।
उनले भने, 'तरकारी खेतीमा निकै समस्या छ । जग्गाको भाडा बुझाउन नसक्दा जग्गासमेत छाड्नुपर्ने बाध्यता छ ।' पश्चिम चितवनस्थित अृमतनगरका हेमराज आचार्यले आफ्नो बारीमा उत्पादन भएका काँक्रा, फर्सी, सिमी र मूला बिक्री नभएको बताए । 'एक बिघामा काँक्रा र फर्सी उत्पादन गरेको छु । अहिले पाँच रुपैयाँ प्रतिकिलोमा पनि बिक्दैन', उनले भने, 'उत्पादन गरेर बारीमा नै कुँहाएर फाल्नुपर्छ ।' उनले व्यावसायिकरुपमा खेती गर्न थालेको पाँच वर्ष पुग्यो । जग्गा भाडामा लिएर चार बिघामा तरकारी खेती गरेका छन् । यस वर्ष फर्सी नबिकेर लगानी पूरै खेर गएको उनले बताए । 'दश कट्ठामा लगाएको फर्सी खेतीका लागि ६० हजार रुपैयाँ लगानी भएको थियो । यस वर्ष उत्पादन पनि राम्रो छ । उत्पादन दिन सुरु भएपछि व्यापारी नै आएनन्', आचार्यले भने, 'फर्सीमा पनि घाटा, काँक्रामा पनि घाटा, जे लगाए पनि घाटा, अब विदेश जानुपर्ने अवस्था आएको छ ।' फर्सीको प्याकेजिङ गर्दामात्रै प्रतिकेजी १० रुपैयाँलागत लाग्ने गरेको उनले बताए । दसैंमा काँक्राको मूल्य राम्रै थियो । त्यसपछि ओरालो लागेको काँक्रो अहिले ४ रुपैयाँमा झरेको भन्दै यसले किसानको लगानी नउठ्ने आचार्यले दुखेसो पोखे । उनको दश कट्ठाको बारीमा काँक्रा छ ।
तरकारीको बिक्रीले नै घरखर्च टार्ने किसान आम्दानी नभएपछि मर्कामा परेका छन् ।भरतपुर महानगरपालिका–२५ स्थित अमृतनगरका अमृत रानाभाट तीन बिघामा तरकारी खेती गर्छन् । यतिखेर काँक्रो, फर्सी, मूला, क्यापसिकन, सिमी निस्किएका छन् । बिक्री नभएपछि बारीमा तरकारी कुहिएर खेर गएको उनले बताए । 'सिमी १० रुपैयाँकेजीमा पनि लैजान कठिन छ । त्यो टिप्ने बेलाका खेतलाको खर्च पनि उठ्दैन । काँक्रा र फर्सी त ५ रुपैयाँमा पनि बिक्री हुँदैन', रानाभाटले भने, 'बारीमा उत्पादन भएका वस्तु बारीमै कुहिन नदेऊ, पैसाको हिसाबपछि गरौँला बारीमा मात्र नराख्देऊ भनेर जिउजिउ गर्दा पनि व्यापारीले लिदैनन् ।' फर्सी एक दिनपछि टिप्ने हुने भन्दै एकपटकमा २५ क्विन्टल उत्पादन हुने उनले बताए । रानाभाटले दुई दिन बिराएर काँक्रो टिप्दा दुई क्विन्टल उत्पादन हुने भन्दै बजार मूल्य नपाउँदा सबै खेर गइरहेको बताए ।
बुवाको प्रेरणाले विसं २०६५ देखि व्यावसायिक तरकारी खेतीमा लाग्नुभएका रानाभाट खेतलाको पैसा नउठ्ने हो कि भन्ने चिन्तामा छन् । चितवन तरकारी खेतीका रुपमा प्रख्यात छ । यहाँ उत्पादन भएको तरकारीले काठमाडौँ, पोखरा, हेटौँडा, बुटवल, नेपालगञ्जलगायतका बजार जाने गर्दछन् । यतिखेर किसानले सिमी, फर्सी, काँक्रा, काउली र बन्दा उत्पादन गरेका छन् । उनीहरुले उत्पादन गरेको तरकारी बिक्री हुन नसक्दा चिन्तित बनेका छन् । काँक्रो, फर्सी, मूला, सिमीलगायतका तरकारी बारीमै टिपेर थुपार्नु परेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाइ चितवनका तरकारी जोन सञ्चालक समितिका अध्यक्ष लेखनाथ भुसालले बताए ।
'पश्चिम चितवनलाई समेटेर तरकारीको जोन क्षेत्रसमेत बनाइएको छ । यहाँ एक हजार हेक्टरमा तरकारी खेती हुन्छ । अहिले एक हेक्टरमा २० टनको हाराहारीमा फर्सी र काँक्रो उत्पादन भएको छ', उनले भने, 'फर्सी दैनिक १५ टनको हाराहारीमा खेर गइरहेको छ ।' पाँच टनको हाराहारीमा पाँच प्रतिकेजीमा व्यापारीले फर्सी उठाएको भुसालले जानकारी दिए । पाँच रुपैयाँमा बेच्दा किसानलाई प्रतिकेजी तीन रुपैयाँभन्दा बढी घाटा लाग्ने उनको भनाइ छ । किसानले तरकारीको मूल्य नपाए पनि उपभोक्ताले भने चर्को मूल्य तिर्न बाध्य छन् ।

# काँकडभिट्टाबाट निर्यातभन्दा पाँच गुणा आयात बढी




**रासस**
**झापा ।**
पूर्वीनाका काँकडभिट्टाबाट चालु आर्थिक वर्षको तीन महिनामा निर्यातका तुलनामा पाँच गुणाभन्दा धेरै ताजा तरकारी भारतबाट आयात भएको छ ।प्लान्ट क्वारेन्टिन कार्यालय काँकडभिट्टाको प्रथम त्रैमासिक अभिलेखअनुसार आर्थिक वर्ष २०८०÷८१ को साउन, भदौ र असोजमा भारतबाट ४७ करोड ९७ लाख ६० हजार मूल्यबराबरको २३ हजार नौ सय ८८ मेट्रिक टन ताजा तरकारी आयात भएको छ ।सोही अवधिमा नेपालबाट नौ करोड ६५ लाख ७२ हजार आठ सय मूल्यबराबरको छ हजार ३० मेट्रिक टन तरकारी भारत निर्यात भएको कार्यालयका सूचना अधिकारी चन्द्रेश्वर ठाकुरले बताए । पूर्वीनाकाबाट हुने ताजा तरकारीको व्यापारमा चालु आवको तीन महिनामै ३८ करोड ३१ लाख ८७ हजार दुई सय रुपैयाँबराबरको व्यापार घाटा भएको छ ।नेपालबाट निर्यात हुने ताजा तरकारीमा बन्दाकोभी, मुला र गोलभेडा छन् । यीमध्ये सबैभन्दा बढी नौ करोड ५४ लाख ७२ हजार मूल्यबराबरको पाँच हजार नौ सय ६७ मेट्रिक टन बन्दाकोभी भारततर्फ निर्यात भएको ठाकुरले जानकारी दिए । यसैगरी तरकारीमा गोलभेडा पाँच लाख १२ हजार मूल्यबराबरको २६ मेट्रिक टन र पाँच लाख ८९ हजार मूल्यबराबरको ३७ मेट्रिक टन मुला भारततर्फ निर्यात भएको छ । धनकुटा र इलाममा उत्पादित बन्दाकोभी, मुला र गोलभेडा भारत निर्यात हुने गरेको छ ।

**१९ करोड बढीको गोलभेडा आयात**

चालु आवको प्रथम त्रैमासिक अवधिमा भारतबाट गोलभेडा मात्रै १९ करोड ३७ लाख ४० हजार मूल्यबराबरको नौ हजार छ सय ८७ मेट्रिक टन आयात भएको छ ।सोही अवधिमा भारतबाट दुई करोड सात लाख ८० हजार मूल्यबराबरको एक हजार ३९ मेट्रिक टन हरियो खुर्सानी र तीन करोड ७१ लाख ८० हजार मूल्यबराबरको एक हजार आठ सय ५९ मेट्रिक टन गाँजर निर्यात भएको छ । तरकारीमध्ये मुला र बन्दाकोभीचाहिँ भारतबाट आयात भएको छैन । धनकुटा, इलाम, झापा, मोरङ, सुनसरीलगायतका कोशी प्रदेशका जिल्लामा बन्दाकोभीको ठूलो मात्रामा उत्पादन हुँदै आएको छ ।

**कोदो र आलुमा पनि भारतकै भर**

नेपालका मधेशदेखि हिमाली भेगसम्म उत्पादनको प्रचुर सम्भावना भएको कोदो र आलुमा समेत भारतकै भर पर्नुपर्ने अवस्था छ । प्लान्ट क्वारेन्टिन कार्यालय काँकडभिट्टाका अनुसार चालु आवको प्रथम त्रैमासिक अवधिमा २३ करोड ६१ लाख ६० हजार मूल्यबराबरको चार हजार नौ सय २० मेट्रिक टन कोदो भारतबाट आयात भएको छ ।सोही अवधिमा भारतबाटै ९९ करोड ८९ लाख चार हजार मूल्यबराबरको ४१ हजार छ सय २१ मेट्रिक टन आलु आयात भएको कार्यालयले जनाएको छ । ती महिनामा एक अर्ब ८६ करोड ६५ लाख ६३ हजार मूल्यबराबरको ३६ हजार सात सय ३० मेट्रिक टन फलफूल भारतबाट आयात भएको छ । यसैगरी दुई करोड ५९ लाख ९२ हजार मूल्यबराबरको तीन सय ६१ मेट्रिक टन चना, नौ करोड २२ लाख चार हजार मूल्यबराबरको एक हजार ३६ मेट्रिक टन मुसुरो दाल, १२ करोड ८६ लाख मूल्यबराबरको एक हजार दुई सय ८६ मेट्रिक टन लसुन र ९८ लाख ५६ हजार मूल्यबराबरको छ सय १६ मेट्रिक टन उखु भारतबाट आयात भएको छ ।पूर्वीनाका काँकडभिट्टाबाट चालु आवको तीन महिनामा खाद्यान्न, ताजा तरकारी, दलहन, तेलहन, फलफूल, बोटबिरुवा, प्रशोधित सामग्री, काठका सामान, मसाला बाली र बीउबिजन गरेर कुल पाँच अर्ब १० करोड ६० लाख ३१ हजार मूल्यबराबरको आयात भएको कार्यालयका सूचना अधिकारी ठाकुरले बताए ।
सोही अवधिमा तरकारी, जडीबुटी, प्लाइउडका सामान, अम्रिसोलगायतका कुल पाँच अर्ब २७ करोड ३६ लाख २९ हजार मूल्यबराबरको नेपाली उत्पादन भारत, बङ्गलादेश लगायतका मुलुकमा निर्यात भएको उनले जानकारी दिए ।

# अल्लोबाट महिल आयआर्जनमा



**रासस**
**बझाङ ।**
जिल्लाको तलकोट गाउँपालिका–६ का स्थानीय महिलाले गाउँघरमा खेर गइरहेको अल्लो प्रशोधन गरी अल्लोको धागो र अल्लोको कपडा बनाई आयआर्जन गर्न थालेका छन् । यस क्षेत्रमा प्रशस्तमात्रामा अल्लो उपलब्ध हुने भए तापनि त्यसबाट कसैकसैले डोरी बनाएर गाईबस्तुलाई बाँध्नका लागि प्रयोग गर्थे भने बाँकी ज्ञान सीपको अभावका कारण जङ्गलमै कुहिएर खेर जाने गरेको थियो ।अहिले स्थानीयस्तरमै अल्लोको डोरी, अल्लोको कपडा र अल्लोको झोलाहरु बनाउने तालिम लिएपछि यहाँका महिलाहरुले तलकोट गाउँपालिका, घरेलु तथा साना उद्योग कार्यालय, आन्तरिक राजस्व कार्यालयका रुपमा दर्ता गरी व्यावसायिकरुपमा अल्लोको धागो र अल्लोको कपडा र अल्लोको अन्य सामान उत्पादन गर्न सुरु गरेका छन् । जिआइजेड र तलकोट गाउँपालिकाले अल्लोको महत्व र उपयोगिताबारे जानकारी गराएपछि उनीहरु व्यवसाय सञ्चालन गर्न अग्रसर भएका हुन् ।जङ्गलमा त्यतिकै खेर गइरहेको अल्लोबाट धागो र कपडाहरु उत्पादन गरी प्रत्यक्ष र अप्रत्यक्षरुपमा घरमै रोजगारी सिर्जना गर्ने र समूहका महिलाहरु आत्मनिर्भर हुने भएपछि स्थानीय महिला व्यवसायमा लाग्न हौसिएका छन् । एक महिनासम्म सञ्चालन गरिएको तालिममा अल्लोको धागो बनाउने र त्यसबाट कपडा बुन्ने प्रशिक्षण दिइएको थियो । तालिममा २८ महिला र दुई पुरुष गरी ३० जनाको सहभागिता रहेको थियो ।समूहका महिलाले अल्लो व्यवसायको महत्व बुझी अल्लो व्यवसाय सञ्चालन गर्न सीप तालिम र आवश्यक पर्ने मेसिन औजारहरुको माग गरेपछि मेसिन औजार र तालिम सञ्चालन खर्च गाउँपालिकाले व्यहोरेको थियो । उनीहरुलाई व्यवसाय सञ्चालन गर्न मेसिन औजारका साथै कच्चा पदार्थहरु खरीद गर्न गाउँपालिकाले नगद एक लाख ९० हजार रुपैयाँ सहयोग गरेको थियो भने व्यवसाय दर्ता गर्न र अन्य प्राविधिक सहयोग जिआइजेडको रिप कार्यक्रमले गरेको थियो । एक महिनाको तालिमपछि देखिएको उत्साहले उनीहरुलाई थप दक्ष बनाउन र थप मेसिन खरिद गर्न कार्यक्रमले सहयोग गर्न पहल गरेको कार्यक्रमका क्लस्टर कोर्डिनेटर सुरतबहादुर चन्दको भनाइ छ । तालिमका सहभागीहरुले अहिले व्यवसायबाट अल्लोको धागोबाट बुनिएका दोसल्ला र टोपीहरु उत्पादन गरेका छन् । कतिपयले अल्लोको धागो काठमाडौँमा पठाएर एक पटकमै २० हजार रुपैयाँ आम्दानी पनि गरेका छन् । तालिमपछि आफूहरु व्यवसायप्रति आकर्षित हुनुको साथै सामूहिक भावनाको पनि विकास भएको औद्योगिक ग्राम उत्पादन समूहकी अध्यक्ष रमिला शाहीले बताइन् । कतिपयले घरायसी प्रयोजनका लागि अल्लोका सामग्रीहरु लैजाने गरेको र कतिपयले उपहारका लागि पनि लैजाने गरेको उनी बताउँछिन् । अहिले समूहले एक लाख २२ हजार पाँच सय रुपैयाँधागो र कपडा बचेर आमदानी गरेको छ ।
धागो पाँच सय रुपैयाँप्रतिकिलो र कपडा एक हजार दुई सय मिटरका दरले बिक्री भएको थियो । जङ्गलमा खेर गइरहेको अल्लोको प्रशोधन गरी गाउँघरमै रोजगारी सिर्जना गर्न सकिने भएकाले लगानी गरिएको पालिका अध्यक्ष कलकबहादुर रोकायाले बताए ।



# आगामी ३० वर्षमा यूवा जनसङ्ख्या आधा हुने आकलन

**सिन्ह्वा**
**सोल ।**
तीव्ररूपमा बढिरहेको बढ्दो उमेरको जनसङ्ख्या र कीर्तिमानीरूपमा कम हुँदै गएको न्यून जन्मदरका कारण आगामी ३० वर्षमा दक्षिण कोरियाली युवाहरूको सङ्ख्या आधा हुने अपेक्षा गरिएको मुलुकको तथ्याङ्क निकायले बताएको छ । तथ्याङ्क कोरियाका अनुसार सन् २०२० मा १९ देखि ३४ वर्ष उमेर समूहको सङ्ख्या कूल जनसङ्ख्याको २० दशलमव चार प्रतिशत अर्थात एक करोड दुई लाख १३ हजार थियो । यो उमेर समूहको सङ्ख्या सन् १९९० मा एक करोड ३८ लाख ४९ हजारबाट सन् २००० मा एक करोड २८ लाख ८३ हजार र सन् २०१० मा एक करोड नौ लाख ६७ हजार भएपछि सन् २०५० मा यो सङ्ख्या घटेर ५२ लाख १३ हजार हुने अनुमान गरिएको छ । सन् २०५० मा कूल जनसङ्ख्यामा युवाहरूको प्रतिशत घटेर ११ प्रतिशत हुने अनुमान गरिएको छ । कूल प्रजनन दर अर्थात एक महिलाद्वारा उनको जीवनकालमा जन्माउने शिशुको औसत सङ्ख्या तीव्ररूपमा बढ्दो जनसङ्ख्याका बीच सन् २०२२ मा शून्य दशमलव ७८ को न्यूनस्तरमा पुगेको छ । कूल युवा जनसङ्ख्यामा अविवाहित युवाहरूको प्रतिशत पाँच वर्षअघिको ७५ प्रतिशतबाट बढेर सन् २०२० मा ८१ दशमलव पाँच प्रतिशत भएको छ । यो आँकडा सन् २००० मा ५४ दशमलव पाँच प्रतिशतबाट तीव्ररूपमा बढेर सन् २००५ मा ६३ दशमलव दुई प्रतिशत र सन् २०१० मा ६८ दशमलव नौ प्रतिशत भएको छ । कूल युवा महिलाहरूमा आर्थिरूपमा सक्रिय युवा महिलाहरूको अनुपात सन् २००० मा ४२ दशमलव तीन प्रतिशतबाट बढेर सन् २०१० मा ५५ दशमलव दुई प्रतिशत र सन् २०२० मा ६१ दशमलव एक प्रतिशत भएको छ ।



आर्थिकरूपमा सक्रिय युवा पुरुषहरूको प्रतिशत सन् २००० मा ६६ प्रतिशतबाट घटेर सन् २०१० मा ६४ दशमलव सात प्रतिशत र सन् २०२० मा ६३ दशमलव नौ प्रतिशतमा झरेको छ ।

# ‘हिंसात्मक’ कारवाहीमा हजारौँ पक्राउ

**एएफपी**
**ढाका ।**
बङ्गलादेश सरकारले आम निर्वाचनअघि ‘प्रतिस्पर्धा हटाउन’ का लागि विपक्षी दलहरूमाथि व्यापक र हिंसात्मक कारवाही सुरु गरेको ह्युमन राइट्स वाच (एचआरडब्लु) ले बताएको छ । संस्थाका अनुसार कारवाहीका क्रममा करिब १० हजार कार्यकर्तालाई पक्राउ गरिएको छ । पक्राउ परेका हजारौँका साथै प्रमुख प्रतिपक्षी बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) का धेरैले पनि आरोपको सामना गर्नुपरेको छ । बिएनपीलाई उद्धृत गर्दै उसका ५० लाख सदस्यमध्ये करिब आधाले ‘राजनीतिक प्रेरित अभियोगको सामना गर्नुपरिरहेको’ एचआरडब्लुले उल्लेख गरेको छ ।
‘वरिष्ठस्तरदेखि तल्लोस्तरसम्म कसैलाई नछाडी पक्राउ गरिएको छ’, बिएनपीका एक कार्यकर्ताले एचआरडब्लुलाई भने । अधिकार समूहले कारागारहरूमा अहिले



क्षमताको दुई गुणाभन्दा धेरैलाई राखिएको छ । करिब १७ करोड जनसङ्ख्या भएको बङ्गलादेशमा आगामी जनवरी ७ मा आम निर्वाचन हुँदैछ । निर्वाचनमा प्रधानमन्त्री शेख हसिनाको ध्यान सत्तामा लगातार चौथो कार्यकाल पूरा गर्नेतर्फ रहेको छ । बिएनपी तथा अन्य दलहरूले ठूलो स्तरमा विरोध प्रदर्शन गरेर हसिनालाई सत्ता छाड्न र स्वतन्त्र सरकारमार्फत निर्वाचनको माग गरेका छन् । सरकारले ती मागलाई असंवैधानिक भन्दै अस्वीकार गरेको छ । ‘बङ्गलादेश अधिकारीहरूले विपक्षीलाई समाप्त गर्न र आम निर्वाचनभन्दा अघि प्रतिस्पर्धा हटाउने स्पष्ट प्रयासमा राजनीतिक विरोधीहरूलाई सामूहिक पक्राउ गरिरहेका छन्’, न्युयोर्कस्थित एचआरडब्लुले भनेको छ, ‘यो हिंसात्मक निरङ्कुश कारवाही हो ।’
अक्टोबरमा विरोध प्रदर्शन बढेपछि दुई प्रहरी अधिकारीसहित कम्तीमा १६ जनाको मृत्यु भएको र पाँच हजार पाँच सयभन्दा धेरै घाइते भएको एचआरडब्लुले बताएको छ ।
एचआरडब्लुको प्रतिवेदनमाथि सरकारका तर्फबाट तत्काल कुनै प्रतिक्रिया आएको छैन तर अधिकारीहरूले पक्राउ परेकाहरूले विभिन्न हिंसात्मक अपराधका लागि न्यायको सामना गर्नुपर्ने बताएका छन् । कति मानिसलाई पक्राउ गरिएको हो भन्नेबारे प्रहरीले केही बताएको छैन । अक्टोबर २९ देखि भएको देशव्यापी हडताल र यातायात नाकाबन्दीका क्रममा विपक्षीहरूले अधिकांश बससहित करिब दुई सय ९० सवारी जलाएको प्रहरीले आरोप लगाएको छ । हिंसामा कम्तीमा छ जनाको मृत्यु भएको प्रहरीको भनाइ छ । धेरै प्रत्यक्षदर्शीसँगको अन्तरवार्ताका साथै भिडियो र प्रहरी रिपोर्टको विश्लेषणका आधारमा एचआरडब्लुले आफ्नो प्रतिवेदन तयार गरेको बताएको छ ।
‘अत्यधिक बल प्रयोग, ठूलो मात्रामा मनोमानी ढङ्गले पक्राउ, जबरजस्ती बेपत्ता, यातना र गैरन्यायिक हत्याका लागि सुरक्षा बल जिम्मेदार रहेको प्रमाण प्राप्त भएको छ’, प्रतिवेदनमा भनिएको छ । अक्टोबरदेखि अहिलेसम्म कम्तीमा १६ हजार छ सय २५ सदस्यलाई पक्राउ गरिएको बिएनपीले आइतबार बताएको छ । तीमध्ये अधिकांश नेतृत्वलाई पक्राउ गरिएको छ । विशेषरूपमा बिएनपीका प्रमुख मिर्जा फखरुल इस्लाम आलमगिरलाई पक्राउ गरिएको छ ।

# उखु कृषकको पिडा र चिनीमा आत्मनिर्भरता

*के नेपालमा वैज्ञानिक उखु खेती सम्भव छैन ? के चिनीमा हामी आत्मनिर्भर हुन सक्दैनौँ ? अन्तर्राष्ट्रिय बजारको मूल्यमा यहाँ चिनी उपलब्ध गराउन सक्दैनौँ ? प्रशस्त चिनी उत्पादन गरेर आयात प्रतिस्थापन गर्न सक्दैनौँ ?*



**हरि गौतम**
**वीरगंज ।**
यस वर्षको दशैं र तिहारमा चिनीको हाहाकार भयो । रक्सौलमा ६४ रुपैयाँ प्रतिकेजी पाइने चिनी काठमाडौं पुग्दा १७० रुपैयाँ प्रतिकेजीसम्म पुग्यो । २ केजी चिनी लिन सर्वसाधारण दिनभर लाइनमा बस्न बाध्य भए, धादिङदेखि चिनीको लागि वृद्धवृद्धासहित सयौं सर्वसाधारण काठमाडौंमा साल्ट ट्रेडिङ अगाडि लाइन लागे । सीमा क्षेत्रमा आफ्ना नातेदार, इष्टमित्रलाई काठमाडौँवासीले चिनी पठाइदिन याचना गरे । सहरी क्षेत्रमा त जसोतसो कालोबजारीबाट चिनी पाइहाले पनि ग्रामीण क्षेत्रमा सबैभन्दा बढी हाहाकार भयो । यति मात्र होइन, चिनी नपाएका कारण कतिपय मिठाइ पसल बन्द भए । मुलुकमा अन्य कुनै समस्या नभएजस्तै सबैतिर चिनी आपूर्तिबारे टिप्पणी भयो । चिनी आपूर्तिमा सरकारी अकर्मण्यता प्रस्टै देखियो । चिनीको समुचित आपूर्ति मिलाउन नसक्दा सरकारले तीव्र आलोचना सहनु प¥यो । आम जनताको बुझाइमा केही सीमित कालोबजारी र माफियालाई पोस्न सरकारले जानीजानी यो अवस्था ल्यायो भन्ने बुझाइ मानिसमा पर्न गयो । व्यवसायीहरूले समयमै चिनीको हाहाकार हुने सूचना सरकारलाई दिए पनि सरकारले नसुनेकोले यो अवस्था आयो । नेपालमा वार्षिक करिब ३ लाख मेट्रिक टन चिनीको आवश्यक पर्छ । आन्तरिक उत्पादनबाट वार्षिक १ लाख ५० हजार मेट्रिक.टन चिनी उत्पादन हुन्छ र बाहिरबाट करिब १ लाख ५० हजार मेट्रिक टन आयात गर्नुपर्छ । यस वर्ष वीरगञ्ज भन्सार नाकाबाट चिनी आयात भएकै छैन भने करिब १ लाख ५० हजार मेट्रिकटन चिनी अवैध कारोबारको माध्यमबाट आपूर्ति भएको छ ।
सुरुमा सरकारले वैध माध्यमबाट चिनी आयात गर्न व्यवसायीलाई लाइसेन्स दिएको र सीमा क्षेत्रका भारतीय सहरको मूल्यका आधारमा भन्सार लगाएको भए चिनीको कालोबजारी हुने थिएन । सरकारले चिनी आयातमा ३० प्रतिशत भन्सार लगाएकाले भनि यो समस्या आएको हो । अब प्रश्न उठ्छ, के नेपालमा पर्याप्त उखु उत्पादन हुँदैन ? अर्थात् उखु खेती गरी चिनीमा हामी आत्मनिर्भर हुन सक्दैनौँ ? गम्भीर प्रश्न छ । थोरैमात्र व्यवस्थापन मिलाउने हो भने हामी चिनीमा आत्मनिर्भर मात्रै होइन, विदेशमा निर्यात गर्न सक्छौँ । उखु खेतीको लागि हाम्रो माटो राम्रो छ । मेहनती कृषक छन् । चिनी मिल स्थापना भइसकेका छन् । सरकारले कतिपय कृषि उपजमा अनुदानको व्यवस्था गरेको छ । उखु किसानलाई पनि त्यो दिन सकिन्छ । तर पनि चिनी उत्पादनमा के कारणले हामी पछि प¥यौँ र परनिर्भर भयौँ त ? गम्भीर समीक्षा गर्नुपर्ने बेला आएको छ । सर्वप्रथम उखु खेतीमा सबैभन्दा बढी पीडित कृषकहरू नै छन् । उखुको उत्पादकत्व कम हुने मुख्य कारण गुणस्तरीय बिउ बिजन नहुनु हो । यहाँ कृषकले समयमा गुणस्तरीय बिउ पाउँदैनन्, उखुको बिउ समय समयमा सुधार गरिरहनु पर्छ । यसमा अनुसन्धानको ठुलो महत्त्व छ । यहाँ २० वर्षसम्म एकै प्रकारको बिउ प्रयोग गरिरहेका छन् । सहुलियत ऋण पाउँदैनन्, मल पाउँदैनन्, किटनाशक औषधि पाउँदैनन् । दोस्रो, यहाँ कृषकले सानो युनिटमा गरिएको निर्वाहमुखी कृषि खेती बाहेक आधुनिक खेतीको ज्ञान उनीहरूलाई छैन । फलतः उनीहरूको उत्पादकत्व अत्यन्त कम छ । तेस्रो, कृषकहरूलाई वर्षभरि लगाएको उखु बिक्री गर्न समयमा चलानी पाउँदैनन्, चलानी पाइहाले पनि उखु बिक्रीको मोल समयमा पाउँदैनन् । चर्को ब्याज दरमा ऋण लिएर गरेको उखु खेतीको समयमै भुक्तानी नपाउँदा घरखेत लिलाम हुने अवस्था आउँछ । उखुको पैसा भुक्तानीका लागि सरकारलाई दबाब दिन महिनौँसम्म माइतीघर मण्डलामा धर्नामा बस्नु पर्दछ । अझ धेरै उद्योगले त कृषकलाई जालमा पारी कृषकसँग सोझै उखु खरिद नगरी बिचौलिया खडा गरी सस्तो दरमा खरिद गरी कृषकको शोषण गर्दछन् । बढ्दो उत्पादन तथा मजदुर लागतले गर्दा कृषकलाई उखु खेती फाइदाजनक भएन । र, बिस्तारै उनीहरू उखु खेतीबाट पलायन हुँदै गए । यस वर्ष मिल सञ्चालन गर्ने बेला भइसक्यो तर अहिलेसम्म सरकारले उखुको न्यूनतम समर्थन मूल्य तोकेको छैन । तिहार, छठ पर्व मनाउन केही कृषकले सस्तो दरमा खाँडसारीलाई उखु दिन थालिसके । चिनीमा आत्मनिर्भर हुनका लागि उद्योगहरूको पनि महत्त्वपूर्ण योगदान हुन्छ । सरकारले थोरै सहजीकरण नगरी दिँदा उखु उद्यमीहरू पनि समस्यामा छन् । आफ्नो क्षेत्रमा उत्पादन भएको उखु अन्य क्षेत्रमा लैजाने, क्षमता अनुसार उखु नपाउने, गलत श्रम ऐनका कारण श्रमिकसँगको लफडा, स्थानीय गुन्डाहरूको समस्या, चर्को ब्याज दर र उद्योगको सही व्यवस्थापन नहुँदा केही उद्योग सम्भावना हुँदाहुँदै पनि बन्द भइरहेका छन् । जबसम्म उद्योग सञ्चालनको सम्भावना रहन्छ तबसम्म उद्योग बन्द हुँदैन । किन उद्योगहरू बन्द भइरहेका छन् ? त्यसको सूक्ष्म कारण खोजी गर्नु पर्दछ ।
नेपालको सन्दर्भमा चिनी मिल सबैभन्दा बढी सम्भावना भएको उद्योग हो, यसले सहरको पैसा गाउँमा लैजान्छ, ग्रामीण रोजगारी सिर्जना गर्दछ । नगदे बालीको विकास भई कृषकको जीवनस्तर उल्लेखनीय सुधार्छ । उखु खेतीमा हुने अन्तरबाली विकास गर्न सकिए र कृषक, उद्योग एवम् सरकारले थोरै सहजीकरण गरे एकै जमिनबाट दोहोरो फाइदा लिन सकिन्छ । अन्तरबालीको रूपमा उखु खेतीभित्र वृक्षारोपण गर्न सकिन्छ ।
के नेपालमा वैज्ञानिक उखु खेती सम्भव छैन ? के चिनीमा हामी आत्मनिर्भर हुन सक्दैनौँ ? अन्तर्राष्ट्रिय बजारको मूल्यमा यहाँ चिनी उपलब्ध गराउन सक्दैनौँ ? प्रशस्त चिनी उत्पादन गरेर आयात प्रतिस्थापन गर्न सक्दैनौँ ? अहिलेको अहम् प्रश्न हो । नेपाल चिनीमा आत्मनिर्भर हुन सक्छ । यसमा विभिन्न निकायले थोरै सहजीकरण गर्नुपर्छ । सबैभन्दा पहिलो दायित्व सरकारको हो । सरकारले स्थानीय उद्योगहरूलाई सकभर मिल गेट डेलिभरी हुने गरी उनीहरूलाई मिल सञ्चालन गर्न कति जग्गा चाहिन्छ, सो अनुसार ऐन नियम वा कार्यविधिका माध्यमबाट जमिनमा उत्पादन हुने उखु अमुक उद्योगले मात्र पाउने व्यवस्था गर्नु पर्छ र उद्योगलाई आवश्यकता नभए मात्र उसको सहमतिमा अन्यत्र बेच्न पाउने व्यवस्था गर्नुपर्छ । अब जग्गामा कृषकहरूको सहकार्यमा उखुको उत्पादकत्व बढाउन उद्योगीले पहल गर्नुपर्छ । सरकारले कृषकलाई दिएको सहुलियत ब्याज दरको ऋण, गुणस्तरीय बिउ बिजन, मल, किटनाशक औषधि, वैज्ञानिक खेती पद्धति, सामूहिक खेती पद्धतिका विधि अपनाएर प्राविधिक दक्ष जनशक्तिको उपलब्धता, कृषि विकासबाट आवश्यक सहयोग एवम् समन्वय लिएर प्रति बिघा प्रति क्विन्टल २५० बाट उत्पादकत्व बढाएर ७००–८०० क्विन्टल पु¥याउनु पर्छ र मिलले आफ्नो सिफारिसमा बैंकबाट कृषकले लिएको ऋण कट्टा गरी समयमै कृषकलाई भुक्तानी दिनुपर्छ । फलतः कृषकले आफ्नो बालीको अपेक्षित लगानी पाउनेछन् । गुणस्तरीय उखुका कारणबाट उद्योगले चिनीको रिकभरी अहिले ८.५ प्रतिशतको तुलनामा १०.५ प्रतिशतसम्म प्राप्त गर्नेछन् । मिल पूर्ण क्षमतामा सञ्चालन हुनेछ र यही औद्योगिक संरचना यही खेतीबाट चिनीमा हामी आत्मनिर्भर हुनेछौँ । अर्कोतर्फ बैंकको ऋण नउठ्ने सम्भावना पनि हुँदैन । बैंकले खुसीका साथ लगानी गर्नेछन् । उद्योगले कृषकबाट ऋण असुली गरी बैंकलाई पठाउने भएकाले बैंक सुरक्षित हुनेछ । यस कार्यक्रमबाट सरकारको कुनै रकम पनि खर्च हुँदैन । सरकारले कानुनका माध्यमबाट सहजीकरण गर्ने, गुणस्तरीय बिउका लागि छिमेकी मुलुकसँग पहल गर्ने र सरकारी प्राविधिक टोलीलाई परिचालन गरे पुग्छ । चिनी उद्योगहरू विशिष्ट प्रकृतिका उद्योगहरू हुन् । यी उद्योग बढीमा वर्षमा ६ महिना मात्र चल्छन् । तसर्थ चिनी मिलमा श्रम ऐन लचिलो हुनुपर्छ । चिनी मिल स्थानीय क्षेत्रको आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका हुने भएको सरकारले स्थानीय गुन्डा, बदमासबाट चिनी मिललाई संरक्षण गर्नुपर्छ । उद्योगीले आफ्नो क्षेत्रमा गुणस्तरीय उखुको उत्पादकत्व बढाउन, वैज्ञानिक पद्धति अनुसार खेती गर्न, किटनाशक औषधि, बिउ बिजन सहज रूपमा उपलब्ध गराउने, कृषकको उखु खरिद गरी समयमै भुक्तानी दिने र मिल पूर्ण क्षमतामा चलाउने कार्य गर्दछ भने कृषकले ढुक्क भएर उत्पादनमा मात्र लाग्ने छन् । मुलुक चिनीमा आत्मनिर्भर हुनेछ र अझ निर्यात समेत गर्ने छ । उपभोक्ताले सस्तो दरमा चिनी पाउनेछन्, सबैले जित्नेछन्, हार्ने भनेको हाम्रो कुशासन र अकर्मण्यता मात्र हुने छ ।
(लेखक वीरगञ्ज चिनी कारखानाका पूर्व अध्यक्ष र वीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष हुन्) ।

# शुभमन बने गुजरातको नयाँ कप्तान

**मधेशदृष्टि**
**वीरगंज**
इन्डियन प्रिमियर लिग (आइपिएल) मा गुजरात टाइटन्सको कप्तान शुभमन गिल बनेका छन् । गुजरातले सोमबार नयाँ कप्तानको घोषणा गरेको हो ।
अलराउन्डर हार्दिक पाण्ड्याले टिम छाडेपछि उनलाई कप्तानको जिम्मेवारी दिएको हो ।
हार्दिक आगामी सिजन मुम्बई इन्डियन्सबाट खेल्ने भएसँगै गुजरात नयाँ कप्तानको खोजीमा रहेको थियो । मुम्बईले हार्दिकलाई आफ्नो टिममा सहभागी गराएको घोषणा गरेको छ । त्यस्तै, मुम्बईका क्यामरुन ग्रिन रोयल च्यालेन्जर्स बैंगलोर जाने भएका छन् ।
गिल २०२३ मा सर्वाधिक धेरै रन बनाउने खेलाडी हुन् । उनले ७ खेलमा ५९.३३ को औषतमा ८९० रन बनाएका छन् । २४ वर्षीय गिलले २०१८ मा आइपिएलमा डेब्यु गरेका थिए । उनले अहिलेसम्म कुल ९१ खेलमा २७९० रन बनाएका छन् । गुजरातले पहिलो पटक आइपिएलमा २०२२ को सिजनमा प्रतिस्पर्धा गरेको थियो । हार्दिकको कप्तानीमा पहिलो पटकमा नै टिम च्याम्पियन बन्यो । २०२३ को सिजनमा पनि गुजरात फाइनलमा पुगेको थियो । सफल कप्तान हार्दिकले टिम छाड्दा सबै क्रिकेट पण्डितहरुले आश्चर्य व्यक्त गरेका छन् ।



# सामाजिक सुरक्षा सम्झौतामा वीरगंज महानगर पहिलो

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले देशका महानगरमध्ये वीरगंज महानगरपालिकाले सबैभन्दा पहिला अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन सम्झौता गरेकाले नगरप्रमुख राजेशमान सिंहलाई सम्मान गरेका छन् ।
छैठौं सामाजिक सुरक्षा दिवस–२०८० को अवसरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सामाजिक सुरक्षा कोषद्वारा आयोजित कार्यक्रममा वीरगंज महानगरपालिकाका प्रमुख सिंहलाई सम्मान गरिएको हो ।
सरकारको सामाजिक सुरक्षा कोष र वीरगंज महानगरपालिकाबीच अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन महानगरमध्ये वीरगंजले पहिलो सम्झौता गरेसँगै सम्मान गरिएको श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरद सिंह भण्डारीले जानकारी दिए । कार्यक्रममा प्रधानमन्त्री प्रचण्डसहित श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री भण्डारी, आइएलओका




प्रतिनिधि, जिआइजेडका प्रतिनिधिलगायतको सहभागिता थियो ।
संविधानको धारा ३४ ले सबै श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने संवैधानिक प्रावधानको कार्यान्वयनका लागि वीरगंज महानगरपालिकाले गरेको प्रयास कोषेढुंगा सावित हुने विश्वास आफूले लिएको सम्मान कार्यक्रममा नगर प्रमुख सिंहले बताए ।
उनले महानगर क्षेत्रभित्रका सबै श्रमिक तथा रोजगारदाताले श्रम कानुनको पूर्ण परिपालना गरी श्रम बजारलाई आकर्षक, सुरक्षित र उत्पादकत्वलाई टेवा दिने क्षेत्रको रुपमा विकास गर्न महानगर प्रतिवद्ध रहेको घोषणा गरे ।
नगरप्रमुख सिंहले वीरगंज महानगर क्षेत्रभित्रका अनौपचारिक क्षेत्र कृषि, निर्माण, यातायात र घरेलु कामदारमा काम गर्ने श्रमिकलाई महानगरपालिकाद्वारा सहयोगदान समेत गरी सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यको सुरुवात सम्झौताले गरेको जानकारी दिए ।
अनौपचारिक क्षेत्रका श्रमिकलाई योजनामा आवद्ध गराउन बजेट व्यवस्थापन र श्रमिक छनौटको कार्य चाँडै अगाडि बढाउने प्रतिबद्धतासमेत नगर प्रमुख सिंहले व्यक्त गरे ।

## इलाका प्रशासन सेवाविहीन




**मधेशदृष्टि**
**वीरगंज ।**
ग्रामीण भेगमा सेवा प्रवाह गर्न स्थापना भएको पर्साको इलाका प्रशासन कार्यालय लामो समयदेखि सेवाविहीन भएको छ । सुपौलीस्थित कार्यालय विगत ८ महिनादेखि बन्द छ । कार्यालयमा सेवा प्रवाह गर्ने कर्मचारी नहुँदा सुपौली प्रशासन कार्यालय बन्द भएको हो ।
जिल्ला प्रशासन कार्यालय पर्साले दुरदराजबाट सदरमुकाम आइरहने सेवाग्राहीलाई गाउँमै सेवा सुपौलीमा दोस्रो इलाका प्रशासन कार्यालय सञ्चालन गरेको थियो । प्रशासनले ग्रामीण भेगका ठोरी, जिराभवानी, जगरनाथपुर र पटेर्वासुगौली गाँउपालिकाका सर्वसाधारणलाई सेवा दिइरहेको थियो ।

## नातिद्वारा हजुरबुबाको हत्या

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ठोरी गाउँपालिकामा नातिले हजुरबुबाको हत्या गरेका छन् । ठोरी गाउँपालिका वडा नम्बर २ स्थित गौतम नगरको डाँडा टोलमा ३६ वर्षीय कृष्ण बहादुर खड्काले आफ्नै ८२ वर्षीय हजुरबुबा लक्ष्मण लामाको हत्या गरेका हुन् । खड्काले आइतबार दिउँसो कोदो कुट्ने लट्ठी प्रहार गरेर लामाको हत्या गरेको प्रहरीले जनाएको छ ।
लट्ठी प्रहारबाट गम्भीर घाइते लामाको उपचारक्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय ठोरीका प्रहरी निरीक्षक सन्तोष राईले जानकारी दिए । इन्स्पेक्टर राईका अनुसार लट्ठी प्रहारबाट लामा लडेपछि खड्का घटनास्थलबाट फरार भएका थिए । यद्यपि स्थानीयको सहयोगमा उनलाई आइतबार नै नजिकैको शिशौ घारीमा लुकेर बसिरहेको अवस्थामा नियन्त्रणमा लिइएको छ । लामाको शव पोस्टमार्टमका लागि वीरगंजस्थित नारायणी अस्पतालमा ल्याइएको छ ।

## वीरगंज हेल्थकेयर सम्मानित




**मधेशदृष्टि**
**वीरगंज ।**
उत्कृष्ट सेवा दिएको भन्दै सामाजिक सुरक्षा कोषले वीरगंज हेल्थकेयर हस्पिटललाई सम्मानित गरेको छ । सामाजिक सुरक्षा कोषमा सूचीकृत भई संख्याका आधारमा मधेश प्रदेशमै उत्कृष्ट सेवा दिएको भन्दै वीरगंज हेल्थकेयर हस्पिटललाई सम्मानित गरिएको हो ।
काठमाडौंमा भएको कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले हस्पिटलका अध्यक्ष डा.अबुल हैसलाई सम्मान गर्नु भएको छ । 'मधेश प्रदेशमै उत्कृष्ट सेवा दिनेमा वीरगंज हेल्थकेयर पनि एक हो,' सम्मानपत्रमा भनिएको छ, 'सामाजिक सुरक्षा कोषमा सूचीकृत भएर सेवा दिनेमा उत्कृष्ट संस्था भएकाले सम्मान गरिएको छ ।' वीरगंज हेल्थकेयर वीरगंज–१४ गण्डक बहुअरीमा सञ्चालनमा छ । हस्पिटलमा मधेश प्रदेशकै अत्याधुनिक एमआरआइ सेवा, मुटुको एन्जियोप्लास्टी, एन्जिओग्राफी सेवा, स्वास्थ्य बीमा, आमा सुरक्षालगायतका सेवा उपलब्ध छ । अस्पतालका अध्यक्ष डा. हैसले सम्मानपछि मधेशमा अरु गुणस्तरीय सेवा दिन ऊर्जा र उत्साह थपिएको बताए ।

# १६ बिघा आठ कठ्ठा जग्गा र पौने नौ करोड फिर्ता




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी परेको उजुरीमा छानबिन हुँदा ८४ कित्ताको १६ बिघा छ कठ्ठा आठ धुर जग्गा फिर्ता भएको छ ।
यस्तै, जिल्ला प्रशासन कार्यालय पर्साले उजुरी परेकामध्ये दुवै पक्षलाई छलफल गराउँदा भएको सहमतिले आठ करोड ७२ लाख ६४ हजार ६१ रुपैयाँ फिर्ता भएको छ ।
जिल्ला प्रशासन कार्यालय पर्साले अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी परेको उजुरीमध्ये हालसम्म चार सय ३८ उजुरी फछ्र्यौट गरिसकेको छ ।
अनलाइनबाट दर्ता भएका एक हजार तीन सय २१ उजुरीमध्ये छलफल विधिबाट चार सय ३८ वटा उजुरी पीडितको पक्षमा फछ्र्यौट गरिएको सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालले जानकारी दिए ।
यस्तै, सहमति नभएपछि दुई मुद्दा दर्ता भएको जनाएको छ ।
दर्ता भएका उजुरीमध्ये आठ सय ४५ उजुरीको छानबिन गर्दा चार सय ३८ वटामा दुवै पक्षबीच सहमति भएर फछ्र्यौट भएको सहायक प्रमुख जिल्ला अधिकारी लम्सालले बताए ।
मिटरब्याजीविरुद्ध हाल अनलाइनबाट दर्ता भएका उजुरीमा सबैभन्दा बढी लेनदेन र जग्गा–जमिनसम्बन्धी मिटरब्याज पीडितको उजुरी बढी छ । कसै–कसैले थोरै रकम दिएर त्यसबापत बढीको कपाली तमसुक गरेको, दोब्बर तेब्बरसम्म बढीको बैंक चेक धितोबापत राख्ने प्रवृत्ति रहेको पाइएको उनले बताए ।
परेको उजुरीको छानबिनका क्रममा दुवै पक्षबाहेक कपाली वा अन्य कागजात लेख्ने लेखापढी, साक्षीलाई समेत कार्यालयमा बोलाएर आवश्यक सोधपुछ गर्ने, आवश्यक प्रमाण खोज्ने र सहमतिका लागि अधिकतम् प्रयास गर्ने गरिएको पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले बताए ।
छानबिनका क्रममा लेनदेन गर्नेहरुको कागजमा उल्लेख रहेको रकम लेनदेन गर्ने हैसियत तथा आवश्यकता र स्रोत रहे–नरहेको समेत अनुसन्धान गर्ने गरिएको रेग्मीको भनाइ छ ।
'उजुरीको छानबिन गर्दा सकेसम्म सहमतिमै समस्या समाधान होस् भन्ने नै हाम्रो चाहना रहन्छ,' रेग्मीले भने, 'त्यहीअनुसार हामीले उजुरीकर्ता र आरोपित दुवै पक्षलाई सहमतिका छलफल गराउँछौं, अहिलेसम्म धेरैजसोमा सहमतिबाटै उजुरीको फछ्र्योट भइरहेको छ, यो राम्रो पक्ष हो,' उनले भने ।

## एमाले महानगरमा २२ सदस्य थप

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमाले वीरगंज महानगर कमिटी सचिवालय सदस्यमा ८ जना र कमिटी सदस्यमा १४ जना मनोनीत भएका छन् ।
एमालेको हाले सम्पन्न महानगर कमिटी बैठकले सचिवालय सदस्यमा प्रदीप चौरसिया, सुरेश कुमार गुप्ता, हिरा गिरी, सन्जु छत्कुली, विजय कुर्मी, जितेन्द्र यादव, आमोद कुमार यादव र अजय कुमार गुप्तालाई मनोनयन गरेको हो । यस्तै, नगर कमिटी सदस्यमा मनोज कुमार साह, सत्येन्द्र सिंह, देवकुमार सरार्फ, पारस साह, कृष्ण यादव, अख्तर मियाँ, गोपाल पटेल, सन्जु दाहाललगायत १४ जनालाई मनोनयन गरेको छ ।

## पेस्तोल र गोली छाडेर फरार

**मधेशदृष्टि**
**राजविराज ।**
सशस्त्र प्रहरीले सप्तरीबाट पेस्तोल र त्यसमा प्रयोग हुने गोली बरामद गरेको छ ।
बलान बिहुल गाउँपालिका वडा नम्बर ४ स्थित बेल्हीबाट आइतबार राति अन्दाजी १० बजे पेस्तोल र त्यसमा प्रयोग हुने २ राउन्ड गोली बरामद गरेको सशस्त्र प्रहरी बल नेपाल नम्बर ६ गण हेडक्वार्टर सप्तरीले जनाएको छ । विशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बल नेपाल बिओपी बेल्हीबाट खटेको गस्तीले चेकजाँच गर्ने क्रममा नेपालबाट भारत जाँदै गरेको नम्बर नखुलेको मोटरसाइकलमा सवार २ जना अपरिचित व्यक्तिले कपडाको पोका फ्याँकेर मोटरसाइकलमा फरार भएका थिए ।
पोका खोलेर हेर्दा पेस्तोल र गोली बरामद भएको हो ।

## गाउँमा मेला लाग्दा पठनपाठन ठप्प

**मधेशदृष्टि**
**वीरगंज ।**
चाडपर्वका नाममा पर्साका केही सामुदायिक विद्यालयमा बिदा दिइएको पाइएको छ । पर्सागढी नगरपालिकासहित ग्रामीण भेगका उत्तरी क्षेत्रका अधिकांश सामुदायिक विद्यालयमा पढाइ रोकिएको पाइएको हो । पर्साको पाँच स्थानको शक्तिपीठमा लागेको मेलाको बहानामा प्रधानाध्यापकहरुले धमाधम विद्यालय बन्द गरेका हुन् । पर्सागढी नगरपालिका वडा नम्बर १ र ३ मा रहेको कोइलाभारमाई र आमोदेवीमाई, पटेर्वासुगौली गाउँपालिकाको वडा नम्बर १ को गादीमाई, जीराभवानी वडा नम्बर ५ को सुगिभारमाई, ठोरीको वडा नम्बर ५ स्थित बाघमोर्चामाईमा एकसाथ मेला सुरु भएको छ ।
मेलाको बहानामा यी पालिकाका अधिकांश सामुदायिक विद्यालयमा पठनपाठन ठप्प छ । पर्सागढी, पटेर्वासुगौली, जीराभवानी, ठोरीका सामुदायिक विद्यालयका अधिकांश शिक्षक अनुपस्थित भएपछि पठनपाठन ठप्पप्रायः भएको हो । विद्यालय गएका केही शिक्षक पनि हाजिरी गरेर फर्केका छन् ।
पर्सागढी नगरपालिकाका नगरप्रमुख गोकर्ण पाठकले मेलाका कारण पर्सागढीका सम्पूर्ण विद्यालय बन्द नरहे पनि केहि सामुदायिक विद्यालयमा पठनपाठन बन्द रहेको बताए । स्थानीय शिक्षा ऐनमा विशेष कारणले प्रधानाध्यापकले विद्यालय बन्द गर्न पाउने नियम रहेकाले यस्तो हुनसक्ने पाठकले बताए ।

## बाघमोर्चामा मेला सुरु

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ठोरी गाउँपालिका–५ स्थित ऐतिहासिक र धार्मिक बाघमोर्चामाई मेला सुरु भएको छ । ठोरी क्षेत्रको शक्तिपीठका रुपमा चर्चित बाघमोर्चा मन्दिर क्षेत्रमा हरेक वर्ष कार्तिक शुक्ल पूर्णिमाका दिनदेखि लाग्ने मेला यसवर्ष एक साताසम्म रहने मेला व्यवस्थापन समितिले जनाएको छ । ठोरी, जीराभवानी, जगरनाथपुर, पटेर्वासुगौलीलगायतका स्थानीयसरहमा साथै सिमावर्ती भारतीय क्षेत्रमा समेत शक्तिकी देवीको रुपमा पुजिने बाघमोर्चा मन्दिरमा सोमबार बिहानैदेखि श्रद्धालु भक्तजनको घुइँचो थियो । बिहान करिब ४ बजेदेखि नै मन्दिरमा बोका, हास, कुखुराको बलि चढाउन आउने उल्लेख्य संख्यामा रहेको वृज किशोर चौधरीले जानकारी दिए ।
अघिल्लो वर्षको तुलनामा यसवर्ष पशु बलिमा कमी आएको उनले बताए । यकिन तथ्याङ्क नभए पनि गतवर्षको तुलनामा यसवर्ष बलि दिनेको संख्यामा कमी आएको चौधरीले बताए । यसवर्ष मन्दिरमा पूजाअर्चना गर्न आउने श्रद्धालु भक्तजनलाई लाइनमार्फत सहजै मन्दिर प्रवेश व्यवस्था मिलाइएको छ । पशुबलि दिन आउनेलाई पनि पालैपालो बलि दिन पाउने व्यवस्था मिलाइएको छ । मेलामा होटेल, पसल, स्टल तथा बालबालिकाका लागि खेलौना र बाल उद्यान छ ।

## मेलाबाट फर्कदा दुर्घटनामा मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा पर्सागढी नगरपालिकामा ट्याक्टर दुर्घटना हुँदा वृद्धाको मृत्यु भएको छ । मृत्यु हुनेमा जीराभवानी गाउँपालिका वडा नम्बर ४ का ७० वर्षीया केशरजिया देवी थरुनी छिन् । प्रदेश २–०३–००१ त ५५५४ नम्बरको ट्याक्टर अनियन्त्रित भई पल्टेँदा थरुनीको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।
पर्सागढी नगरपालिका वडा नम्बर ३ मा रहेको आमोदेवी मन्दिरमा लागेको मेला हेरेर घर फर्किने क्रममा आइतबार राति ११ बजे पर्सागढी नगरपालिका वडा नम्बर २ बरवाछोटैली गाउँनजिकै दुर्घटना भएको थियो ।
दुर्घटनापश्चात ट्याक्टरका चालक फरार छन् । ट्याक्टर प्रहरी चौकी बढनिहारले नियन्त्रणमा लिएको छ । ट्याक्टर धनी श्यामबाबु चौरसिया सम्पर्कविहीन छन् ।

## साहको १३ औँ दिनमा श्रद्धाञ्जली सभा







**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामका प्रसिद्ध समाजसेवी स्वर्गीय काली साहको श्रद्धाञ्जली सभा जनकपुरधाम उपमहानगरपालिका जानकीनगरस्थित उनका जेठा छोरा बजरंगप्रसाद साहको निवासमा भएको छ ।
तेली कल्याण समाजका राष्ट्रिय अध्यक्ष विश्वनाथ साहको अध्यक्षतामा भएको कार्यक्रममा वक्ताहरुले राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्षसमेत रहेका स्वर्गीय साहको सामाजिक योगदानबारे बोलेका थिए । उनी जनकपुरधामको विकासका लागि सदैव तत्पर रहने व्यक्तिका रुपमा सम्झना गरिएको थियो । उनको समाजमा शिक्षा प्रवर्द्धनमा पनि ठूलो योगदान थियो ।
श्रद्धाञ्जली सभामा पूर्वउपप्रधानमन्त्री तथा नेपाली कांग्रेसका वरिष्ठ नेता बिमलेन्द्र निधि, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनिता साह, पूर्वसंघीय राज्यमन्त्री तथा संविधानसभा सदस्य अरविन्द साह, मधेश प्रदेशका पूर्व गृह तथा सञ्चारमन्त्री तथा प्रदेश सांसद भरत साह, बिहार बेलसन्डका विधायक सञ्जय गुप्ता, प्रदेश सांसद रामाशीष यादव, पूर्वसांसद कृष्ण प्रताप मल्ल, पूर्व जिल्ला विकास समिति सभापति रामचरित्र साहलगायतको उपस्थिति थियो ।
यस्तै, पूर्वमेयर बजरंगप्रसाद साह, तेली कल्याण समाज नेपालका राष्ट्रिय महासचिव सत्यनारायण साह, धनुषा जिल्ला अध्यक्ष ललित साह, पूर्वअध्यक्ष लक्ष्मी साह, बजरंगी साह, रामबहादुर साह, रामकिशोर साह, जानकीराम साहलगायत समाजका प्रतिष्ठित व्यक्तित्वको कार्यक्रममा उपस्थिति थियो ।
यस्तै, पूर्वप्रदेश सांसद परमेश्वर साह, जनकपुरधाम नगरप्रमुख मनोज कुमार साह, उपप्रमुख किशोरी साह, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जीतेन्द्र महासेठ, नेपाली कांग्रेसका धनुषा सभापति योगेन्द्र पञ्जियार, राप्रपा नेता काशी साह, नथुनी लाल दास, रामनारायण ठाकुर, श्रवण साह, नेपाली कांग्रेसका नेता मनोज कुमार चौधरीको पनि सहभागिता थियो ।


## मधेशदृष्टि दैनिकको सूचना

मधेशदृष्टि दैनिकमा सरकारी कार्यालय तथा निजी संघसंस्था, फर्महरुको विभिन्न सूचना, विज्ञापन, जनहितका सन्देश प्रकाशन गराउन इच्छुक देशभरका तथा मधेश प्रदेशका मिडिया एजेन्सी, फर्म, कम्पनी, डिलरहरुलाई आफ्नो कागजातसहित २०८० मंसिर २५ गतेभित्र सम्पर्क गर्न सूचित गरिन्छ । सूचीकृत भएका फर्म, कम्पनी, एजेन्सी, डिलरहरुसँग सम्झौतापछि मात्रै आकर्षक कमिसन व्यवस्था र तोकिएका दिन विज्ञापन प्रकाशन गर्न मधेशदृष्टि समर्थ रहने जानकारी गराउन चाहन्छौं ।

**सम्पर्कः**
मधेशदृष्टि दैनिक
सम्पर्क नं.: ९८५५०२१२८१
इमेलः madheshdristi@gmail.com


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन